**सभ्य समाजको पहिचानः**
**लैङ्गिक हिंसाविरुद्धको अभियान**
लैङ्गिक हिंसा दण्डनीय अपराध हो।
कोही कसैलाई हिंसा भएमा
निश्शुल्क फोन नं. १०० र ११४५
मा उजूरी गरौं।

२०७९ मङ्सिर ९ गतेदेखि मङ्सिर
२४ गतेसम्म हुने लैङ्गिक
हिंसाविरुद्धको १६ दिने अभियान
सफल पारौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर २४ गते शनिवार // मूत भस्म नबन्दैमा भिxल्को भैकन बल्नुछ // 2022 December 10 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०२

## भूमिगत सिंचाइको पर्सा, बारामा छवटा ट्रान्सफर्मर चोरी

प्रस, परवानीपुर, २३ मङ्सिर/
मधेस प्रदेश सरकार मातहतको सिंचाइ सेवा हेर्ने वीरगंजस्थित भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजनले सञ्चालन गरेको छवटा भूमिगत सिंचाइ आयोजनाको ट्रान्सफर्मर चोरी भएको छ।


बाराको प्रस्टोकामा चोरी भएको ट्रान्सफर्मरको बाहिरी खोल। तस्वीरः प्रतीक

पर्सामा तीनवटा र बारामा तीनवटा गरी कुल छवटा ट्रान्सफर्मर चोरी भएको हो। एउटा ट्रान्सफर्मरको मूल्य करीब रु पाँच लाख गरी छवटाको तीस लाख मूल्य बराबरको सरकारी सम्पत्ति चोरी भएको किसानहरूले बताएका छन्।

पर्साको वीरगंज महानगरपालिका-२८ बगही, वडा नं ३१ को कोन्हिया, वडा नं ३२ को सोलखपुर र बाराको प्रसौनी गाउँपालिका-७ प्रस्टोका, महागढीमाई नगरपालिकाको तेलकुवा र हर्नैयानजीकैको इनर्वामाल गाउँमा जडान भएको डीप टचुबेलका छवटा ट्रान्सफर्मर चोरी भएको किसानहरूले बताएका छन्।

यस विषयमा भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन, वीरगंजका प्रमुख डिभिजनल इन्जिनीयर अरविन्दकुमार मिश्रले १५ वर्षपछि पर्सा र बारामा डीप बोरिङमा जडान भएको ट्रान्सफर्मर चोरी भएको घटना सार्वजनिक भएको बताए। उनले दुई महीनाको अन्तरालमा छवटा ट्रान्सफर्मर चोरी हुनुले किसान र सिंचाइ कार्यालयलाई दुःखी बनाएको र यस विषयमा आवश्यक कारबाईको माग राख्दै पर्सा र बारा प्रहरीलाई जानकारी गराइसकेको बताए।

किसानहरूले घटना भएको दुई महीना बितिसक्दा पनि पर्सा र बाराका प्रहरीले चासो नदेखाएको र ट्रान्सफर्मर र चोरको खोजी गर्ने काममा उदासीनता देखाएको आरोप लगाएका छन्।

यस विषयमा पर्सा र बाराका प्रहरी प्रमुखहरूसँग बुझ्दा केही ट्रान्सफर्मर चोरीको उजूरी आएको तर छवटा चोरी भएको बारेमा आफूहरूलाई जानकारी नभएको बताए। सम्बन्धित निकायले विस्तृत जानकारीसहितको निवेदन दिएमा प्रहरीले गम्भीर भएर घटनाको छानबीन गर्ने बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए।

त्यसैगरी, पर्साका प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले पर्सामा चोरी भएको ट्रान्सफर्मर वडा प्रहरी कार्यालय, श्रीपुरको कमान्ड क्षेत्रमा पर्ने भएकोले सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिइएको बताए।

**किन चोरी हुन्छ ट्रान्सफर्मर**

ट्रान्सफर्मर सर्वसाधारण चोरले चोरी गर्न नसक्ने भएकोले जानकार प्राविधिकले नै चोरी गरेको हुन सक्ने सिंचाइ विज्ञहरूले बताएका छन्। उनीहरूका अनुसार विद्युत्सम्बन्धी जानकान प्राविधिकले नै जडान भइसकेको ट्रान्सफर्मर खोलेर त्यसभित्र रहेको तामाको तार र तेल चोरी गरेको हुन सक्छ।

रु पाँच लाख बराबरको ट्रान्सफर्मरमा करीब पचास हजार रुपैयाँको तेल र चार लाख मूल्य बराबरको तामाको हुन्छ। तेल पुनः प्रयोग गर्न सकिन्छ भने तामाको तारबाट बिग्रेको ट्रान्सफर्मर मरम्मत गर्न वा गलाएर तामाको भाँडाकुँडा बनाउन प्रयोग हुने भएकोले ट्रान्सफर्मर चोरीको घटना बढेको विज्ञहरूको दावी छ।

## निजी विद्यालयको शुल्क निर्धारण परिमार्जन गरिने -नगरप्रमुख

प्रस, वीरगंज, २३ मङ्सिर/
वीरगंज महानगरपालिका कार्यालयले शुक्रवार पत्रकार सम्मेलन गरेर हिजो सार्वजनिक गरिएको महानगरका संस्थागत विद्यालयहरूको वर्गीकरण र शुल्क निर्धारण सम्बन्धमा आफ्नो धारणा स्पष्ट पारेको छ।

महानगरका प्रमुख राजेशमान सिंहले वर्गीकरण तथा शुल्क निर्धारण समिति आफ्नो संयोजकत्वमा निर्माण भएको र सरोकारवाला सबै पक्षको सहभागिता रहेको दाबी गरे। उनले महानगरले देशकै स्थानीय पालिकाहरूमध्ये पहिलोपटक संस्थागत विद्यालयहरूको वर्गीकरण गरी शुल्क निर्धारण गरेको र यसलाई क्रमशः परिमार्जित गर्दै जाने बताए।

नगरप्रमुख सिंहले महानगरले संस्थागत विद्यालयहरूको वर्गीकरण र शुल्क निर्धारण गरेपछि केही विरोध तथा नकारात्मक कुराहरू फैलाइएकाले सोबारे स्पष्ट गर्न पत्रकार सम्मेलन गरिएको बताए। उनले शुल्क निर्धारण महानगरहरूको हकमा वीरगंज महानगरपालिकाले सबैभन्दा कम गरेको दाबी गरे।

शिक्षा महाशाखा प्रमुख एवं समितिका सदस्य-सचिव अरविन्दलाल कर्णले ५८ वटा विद्यालयको अनुगमन, निरीक्षण गरिएको र सोही आधारमा विद्यालयहरूको वर्गीकरण र शुल्क निर्धारण गरिएको बताए। उनले वर्गीकरणमा छवटा संस्थागत विद्यालय 'क' वर्गमा, २४ वटा 'ख' वर्गमा, २७ वटा 'ग' वर्गमा र एउटा 'घ' वर्गमा परेको बताए।

वर्गीकरण गर्दा संस्थागत


तस्वीरः प्रतीक

विद्यालयलाई शुरूमा स्वघोषणाको लागि अवसर दिएको र उनीहरूको निवेदन परेपछि अनुगमन गरिएको स्पष्ट पारे। समितिले देशभरका महानगरपालिकामा शुल्कको सूक्ष्म अध्ययन गरी वीरगंज महानगरपालिकाका संस्थागत विद्यालयहरूको शुल्क निर्धारण गरिएको बताए। उनले शुल्क निर्धारण गर्दा समितिले देशभरिकै महानगरभन्दा न्यूनतम शुल्क निर्धारण गरेको दाबी गरे।

वर्गीकरण गरिएका संस्थागत विद्यालयहरूले तोकिएको शुल्कमा १५ देखि ३५ प्रतिशतसम्म वर्गीकरण अनुसार शुल्क वृद्धि गर्न पाउने र शुल्क वृद्धि गरेका विद्यालयहरूले सो अनुसारको सेवा सुविधाहरू पनि प्रवाह गर्नुपर्ने कर्णले बताए। उनले वीरगंज महानगरका संस्थागत विद्यालयहरूमा अभिभावक सङ्घ गठन नभएको र थोरैले मात्र नाम मात्रको अभिभावक सङ्घ खडा गरी शुल्क अनुमोदन गराएको बताए। समितिले शुल्क निर्धारण गरेपछि अभिभावक सङ्घ गठन गरी अनुमोदन गर्नुपर्ने प्रावधान रहेको उनले प्रस्टचाए।

**अभिभावक सङ्घ र विद्यालय दुवैको असहमति**

वीरगंज महानगरपालिकाले वर्गीकरण र शुल्क निर्धारण गरेको विरोधमा अभिभावक सङ्घर्ष समितिले हिजै विज्ञप्तिमार्फत विरोध जनाइसकेको छ भने संस्थागत विद्यालयहरू पनि महानगरको कदमबाट खुशी देखिएका छैनन्।

एन-प्याब्सनका पूर्वकेन्द्रीय उपाध्यक्ष अरविन्द सिंहले शुल्क निर्धारणबाट संस्थागत विद्यालयहरूको ढाड भाँचिएको प्रतिक्रिया दिए। उनले निर्धारित शुल्कमा विद्यालय सञ्चालन गर्न नसकिने भन्दै विरोध गर्नुको विकल्प नभएको बताए।

महानगरले निर्धारण गरेको शुल्क र सोमा वृद्धि गर्न सक्ने आधारहरू वैज्ञानिक नभएको उनको ठहर छ।

## खोलाको ठेक्का नलाग्दा नदीजन्य पदार्थको तस्करी बढ्यो


तस्वीरः प्रतीक

बलिराम शुक्ल, बिरुवागुठी, २३ मङ्सिर/
मङ्सिर महीना बित्न लाग्दा पनि स्थानीय पालिकाले खोलाहरूमा नदीजन्य पदार्थको ठेक्का लगाउन नसक्दा सोको तस्करी बढेको छ भने विकास निर्माण कार्य ठप्प भएको छ।

वीरगंज महानगरपालिका अन्तर्गत रहेको भेडाहा खोला र पर्सागढी नगरपालिका अन्तर्गत रहेको सिङ्गाही र कर्जनिहा खोलाको ठेक्का लगाउनमा ढिलाइ भएपछि अहिले ती खोलाबाट ठूलो परिमाणबाट नदीजन्य पदार्थको तस्करी भइरहेको छ।

जेठको ३१ गतेदेखि यी खोलाबाट नदीजन्य पदार्थ उत्खनन बन्द गरिएको र मङ्सिर महीना बित्दा लाग्दा पनि स्थानीय निकायले खोलाको ठेक्का नलगाउँदा वनकर्मी र प्रहरीको मिलेमतोमा नदीजन्य पदार्थको तस्करी बढेको छ।

तस्करहरूले सशस्त्र बेस क्याम्प सोलखपुर, मिलनचोक प्रहरी चौकी, सबैया सबडिभिजन वन कार्यालय, सबैया साझेदारी, बडनिहार प्रहरी चौकी, सबडिभिजन वन कार्यालय बडनिहार, छतिवन टाँडी रेन्जपोस्ट, मनवा प्रहरी चौकीका वनकर्मी र प्रहरीलाई आर्थिक प्रलोभनमा पारी बिहान र रातिको समयमा नदीजन्य पदार्थको चोरी तस्करी गरिरहेको स्थानीयवासीले बताएका छन्।

पालिकाहरूले समयमा खोलाको ठेक्का नलगाउँदा उपभोक्ताहरू चोरी तस्करीको गिट्टी, बालुवा, ढुङ्गा चर्को मूल्यमा खरीद गर्न बाध्य छन् भने अर्कोतिर पालिकास्तरका विकास निर्माणका कामहरूसमेत प्रभावित भएका छन्।

डिभिजन वन कार्यालय, पर्साका प्रमुख सुवासचन्द्र दासले खोलाहरूबाट हुने नदीजन्य पदार्थको तस्करी रोक्न आफ्नो मातहतका वन कार्यालयहरूलाई निर्देशन दिएको बताए।


वीरगंज महानगरपालिका अन्तर्गत भेडाहा खोलाको प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार भइसकेकोले केही दिनमैं महानगरले प्रक्रियागतरूपमा ठेक्का लगाउने बताए। उनले पर्सागढी नगरपालिका अन्तर्गत रहेका खोलाहरूको प्रारम्भिक वातावरणीय प्रतिवेदनको लागि छलफल चलिरहेको बताए।

## मधेसकी छोरी निकिता बनिन् प्रहरी निरीक्षक

राधेश्याम पटेल, वीरगंज, २३ मङ्सिर/
गत मङ्सिर ८ गते लोकसेवा आयोगले २०७८ सालमा नेपाल प्रहरी सेवा अन्तर्गतको प्रहरी निरीक्षक पदमा लिएको परीक्षाको नतीजा प्रकाशित गऱ्यो। १४६ जना उत्तीर्ण भएको नामावलीभित्र मधेसी चेली निकिता मिश्रको पनि नाम थियो। त्यो दिन निकिता काठमाडौंकै गर्ल्स होस्टेलमा बसिरहेकी थिइन्। साँझको समयमा नतीजा प्रकाशित हुँदा साथीहरूले उनलाई शुभकामना र बधाई दिन थाले।

नतीजा आउने दिन दिउँसोदेखि नै नर्भस भएकी निकिता साँझको समयमा साथीहरूले ख्यालठट्टा गरेको भनेर रिसाइन्। पुनः एकजना साथीले लोकसेवा आयोगको नतीजाको प्रतिलिपिको स्क्रिनसट उनको म्यासेन्जरमा पठाउँदा उनी विश्वस्त भइन्। पछि लोकसेवा आयोगको वेबसाइटमा नतीजा हेरेपछि जोडले चिच्याउँदै खुशी साटासाट गरिन्।

वीरगंज महानगर-१४ आवास क्षेत्रमा बसोबास गर्ने निकिताले आमासँग भिडियो कलमा खुशीको खबर सुनाउँदा आमा छोरीसँगै भिडियो कलमा रुन थालिन्। धेरै सङ्घर्षपछि २३ वर्षीया मिश्रले प्रहरी निरीक्षकमा एकैचोटि सफलता हासिल


निकिता मिश्र। तस्वीरः प्रतीक

गरेपछि अहिले वीरगंज, रौतहट र काठमाडौंमैं उनको चर्चा चलेको छ।

सामाजिक सञ्जाल फेसबूकमा निकिता मिश्रको वाल शुभकामनाले भरिएको छ। बलुवा मदनपुर गाउँपालिका, रौतहट स्थायी घर भएकी निकिताको परिवार अहिले आवास क्षेत्रमा बस्दैछ। निकिताका बुबा वीरगंजस्थित सिद्धार्थ माविमा कार्यरत छन्।

सिद्धार्थ माविबाट स्कूले अध्ययन पूरा गरेकी मिश्रले ठाकुर राम बहुमुखी क्याम्पसबाट बिएस्सी उत्तीर्ण गरिन् भने हाल ठाराबमा राजनीतिकशास्त्रमा स्नातकोत्तर गर्दैछिन्। स्नातक सकेर जिएचपी स्कूल, वीरगंजमा चार वर्षसम्म लेखापालमा जागीर गरेकी निकिताले आफूलाई साहसी महिला प्रमाणित गरेकी छन्। चार वर्षअघि प्लस टु सकेर सुब्बाको लिखित परीक्षा उत्तीर्ण भए तापनि अधिकृतस्तरको जागीर खान्छु भन्ने सोचले गर्दा उनी अन्तर्वार्ता दिन

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**प्रसन्नता पहिलेदेखि निर्मित कुनै वस्तु होइन, यो त कर्मबाट मात्र आउँछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## महाभियोग प्रकरण

**निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको सर्वोच्च फर्कने अन्तिम प्रयास असफल भयो । २०७८ फागुन १ गते सत्ता गठबन्धनले संसद् सचिवालयमा महाभियोग प्रस्ताव दर्ता गरेपछि प्रधानन्यायाधीश जबरा स्वतः निलम्बनमा परे । महाभियोग प्रस्ताव दर्ता गरिए पनि सो प्रस्ताव उपर निर्णय भएन । संसद्को अवधि समाप्त भएपछि जबरा जिम्मेवारीमा फर्कन खोजेका थिए । आरोप लगाउने र सोबारे निर्णय गर्ने संस्था नै नरहेपछि महाभियोग प्रस्ताव स्वतः निष्क्रिया भएको जबराको तर्क थियो । त्यति बेला बारलगायत सर्वोच्चकै न्यायाधीशहरूको विरोधका साथै सरकारले सुरक्षाकर्मी तैनाथ गरेर निवासबाट बाहिर निस्कन नदिएपछि उनको प्रयास असफल भयो । त्यस बेला जबराको तर्कलाई काट्दै सरकार पक्षले महाभियोग प्रस्ताव निष्क्रिय भएको बेहोराको चिठी संसद् सचिवालयले नदिएसम्म निष्क्रिय भएको नमानिने बताएका थिए । अहिले संसद्को महासचिवले निलम्बित प्रधानन्यायाधीश जबरालाई सोही बेहोराका चिठी दिएका छन् ।**

**अहिलेको अवस्थमा संसद्का महासचिवले निलम्बित प्रधानन्यायाधीशलाई फुकुवापत्र दिन मिल्छ कि मिल्दैन ? मुख्य विषय यही हो । मुलुकका राजनीतिक दलहरूको चरित्र एवं न्यायालयप्रतिको व्यवहारले उनीहरू न्यायालयलाई आफ्नो कठपुतली बनाउन खोज्दैछन् भन्ने कुरा प्रस्ट छ । न्यायालय सत्ताको इशारामा नाच्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरिँदै छ । प्रधानन्यायाधीशविरुद्ध महाभियोग प्रस्ताव नै राजनीतिक अभीष्ट तथा सत्ता दाउपेजका कारण सिर्जित हो । यो अवस्थामा संसद् सचिवालयका महासचिवले फुकुवापत्र दिने हिम्मत कसरी गऱ्यो, सोचनीय कुरा छ । अर्कोतर्फ संसद्का महासचिवको काम, कर्तव्य र अधिकार क्षेत्र पनि यो होइन । महासचिव, संसद् सचिवालयका प्रशासकीय प्रमुख, संसद् सेवाका कर्मचारीका प्रमुख, संसद् सचिवालय र अन्य संस्थाबीच समन्वयकर्ता, सचिवालय मातहतका चलअचल सम्पत्तिको संरक्षक एवं आर्थिक प्रबन्धक हुन् । अतः उसले सरकारको निर्देशानुसार सचिवालय सञ्चालन र व्यवस्थापनसम्बन्धी काम गर्नुपर्छ ।**

**हुनत जुनसुकै पदका व्यक्ति पनि आखिर मानव हो । असह्य भएपछि भावनामा बहकिन पनि सक्छ । बहकिने कारण छ, प्रधानन्यायाधीश वा न्यायाधीशहरू सत्ताको इशारामा चल्ने हो भने कुनै पनि बेला निलम्बनमा पर्न सक्ने भयो । महाभियोग दर्ता हुने बित्तिकै स्वतः निलम्बन हुन्छ । महाभियोग दर्तापछि सरकार पक्ष पूर्वाग्रही भइदियो भने पुनः जिम्मेवारीमा आउन पाइँदैन । दर्ता भएको प्रस्तावमाथि छलफलै नगरी थन्क्याइदिएपछि कसको के लाग्छ । संसद्को दुई तिहाइ मतले महाभियोग पारित हुने हो । दुई तिहाइ नपुग्ने अवस्था देखियो भने संसद्का सभामुखले अनन्तकालसम्म प्रस्तावलाई छलफलमा ल्याउँदैनन् । यसरी जिम्मेवारीको महत्त्वपूर्ण समय खेर जान्छ । यसअघि तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीले आइजिपी प्रकरणमा सरकारको इच्छाविपरीत फैसला गर्दा नेका र माओवादीको सरकारले महाभियोग ल्याएर धम्काउन खोजियो । वर्तमान जबरामाथिको महाभियोग पनि नेकपा (एस)को वैधानिकताको विषयलाई लिएर आएको हो । न्यायिक फैसला गरेर जिम्मेवारीबाट वञ्चित हुनुभन्दा बरु दलकै इशारामा फैसला गरौं भन्ने मनस्थितिमा न्यायमूर्तिहरू पुग्न सक्छन् । अवस्थालाई बुझ्नेकाहरू भावुक हुन सक्छन् । फेरि पनि राष्ट्रसेवक र सार्वजनिक जिम्मेवारीमा बसेकाहरूलाई बहकिने छुट छैन ।**

# भ्रष्टाचारको अन्त्यमा निजी सम्पत्तिले नै प्रमुख भूमिका खेलेको हुन्छ

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी

baidhnath2071@gmail.com

**निजी सम्पत्तिलाई सामुदायिक सम्पत्तिमा रूपान्तरण गर्ने बित्तिकै लगभग सबै दुःखको अन्त्य हुनेछ भन्ने कुरा सबैले बुझ्न जरुरी छ । सम्पत्तिको सामुदायिकीकरण गर्न त्यति सजिलो छैन । समाजवाद ल्याउन जरुरी छ ।**

हामीले हाम्रो सामाजिक जीवनमा अनेक प्रकारका दुःखहरू भोग्ने गर्छौं । वर्तमान समयमा प्रत्येक व्यक्ति समस्यै समस्याको जालोभित्र जेलिएका छन् । केवल फरक यति मात्रै हो कि व्यक्तिहरूको समस्या भिन्नभिन्न छन् । धेरैलाई दुई छाक कसरी टार्ने भन्ने समस्या छ भने थोरैलाई भएको यथेष्ट सम्पत्ति दिन दुई गुणा रात चौगुणा कसरी बनाउने भन्ने छ । जेहोस्, मानव समाजभित्र प्रत्येक व्यक्ति, परिवार तथा समुदायले झेलिरहेका लगभग सबै समस्याको मूल कारण निजी सम्पत्ति नै हो ।

मानव समाजको विकासक्रमलाई हेर्ने हो भने आदिम जङ्गली अवस्थामा मानिसहरूले यतिबेला भोगिरहेको जस्तो प्रायः कुनै दुःख थिएन । त्यसको मूल कारण निजी सम्पत्ति नहुनु नै हो । समाजभित्र न त कोही गरीब थिए, न कोही धनी थिए, न त कसैले कसैलाई शोषण गर्नुपऱ्याथ्यो, न त कसैले कसैलाई मालिक भन्नुपऱ्याथ्यो । वास्तवमा मानव समाजको यही अवस्थालाई अध्यात्मवादीहरूले तथाकथित सत्ययुग भनेर चित्रित गर्दै आएका छन् । यसको मतलब त्यति बेलाका मानिसहरूमा कुनै किसिमको दुःख थिएन भन्नु होइन । त्यति बेला मानिसको लागि दुःख सिर्जना गर्ने सबैभन्दा ठूलो कुरा प्रकृति नै थियो साथै प्रकृतिको बारेमा मानिसहरूलाई केही पनि थाहा नहुनुको प्रमुख कारण मानवभित्रको अज्ञानता थियो । मानिसहरू प्रकृतिबारे अनभिज्ञ थिए । तर मानवसमाजमा अहिलेको जस्तै प्राकृतिक घटनाहरू दिनहुँ घट्ने गर्थे, जसको बारेमा त्यति बेलाको मानवसमाज सम्पूर्णरूपमा अनभिज्ञ थियो । नदीहरूमा आइरहने ठूला–साना बाढी, अत्यधिक वर्षा र त्यसबाट उत्पन्न हुने पहिरो, चटचाङ, जङ्गलमा लाग्ने ठूला–साना डढेलो, भुइँचालो, ज्वालामुखी विस्फोट, ठूला–साना हुरीबतास आदि यस्ता घटनाहरूले मानिसहरू अत्यधिक प्रभावित हुन्थे । खासगरी यस प्रकारका घटनाहरूमा परेर कोही मानिसको मृत्यु हुँदा त्यति बेला मानिसहरू बढी दुःखी हुन्थे तर त्यो व्यक्ति किन मऱ्यो ? अथवा प्राकृतिक घटनाहरू दिनहुँ किन घट्ने गर्छन् भन्ने कुराबारे अनभिज्ञ थिए । फलस्वरूप ती घटनाहरू मूलतः प्रकृतिले नै घटाएको हुनाले बिस्तारै मानवसमाजले प्रकृतिलाई पूजा गर्न थाल्यो ।

मानवसमाजको विकासक्रम जङ्गली अवस्थाबाट आजको दलाल पूँजीवादी व्यवस्थासम्म आइपुग्दा ज्ञानविज्ञानमा मानवसमाजले धेरै प्रगति गरेको छ । यतिबेलाका मानवसमाज अन्तरिक्षमा भ्रमण गरिरहेको छ । सूर्य परिवार, आकाशगङ्गा, मन्दाकिनी, ब्लैकहोल, ब्रह्माण्ड जस्ता हो प्राकृतिक परिघटनाहरूको गहिरो अध्ययन, अवलोकन र अनुसन्धानमा मानिसहरू आधुनिक विज्ञानको सहायताले निकै अगाडि बढिसकेका छन् । साथसाथै आजको दलाल पूँजीवादले मानिसहरूमा ल्याएको पूँजी सङ्ग्रहको नीतिले गर्दा समाजभित्र ठूलो आर्थिक खाडल पैदा गरेको छ । एकातर्फ समाजका बहुसङ्ख्यक हिस्सा सम्पत्तिबाट वञ्चित छन् भने अर्कोतर्फ पचासी प्रतिशत पूँजी १५ प्रतिशत मानिसको हातमा केन्द्रित रहेको छ । यसले गर्दा मानवसमाज गरीबी र अमिरीमा विभक्त भएको छ । मानिसहरूलाई के सिकाइयो भने सबै कुरा भाग्यले गर्दा नै हुन्छ । मान्छेले पाउने सुख, दुःख, सम्पत्ति, निर्धनता, आरोग्य, विद्वता, मूर्खता आदि सबै कुरा मान्छेको भाग्यमा पहिले नै लेखिएको हुन्छ भन्ने गलत कुरा लामो समयसम्मको अभ्यासबाट मान्छेलाई प्रशिक्षित गर्दै यहाँसम्म ल्याइयो । यसले गर्दा सबै मानिस सुखी हुनका निमित्त दुःखलाई खप्नै पर्ने भनियो किनभने भाग्य फेर्न नमिल्ने रहेछ भनेर सिकाउँदै ल्याइयो । जसले गर्दा मान्छेको आर्थिक अवस्था जस्तो छ त्यही नियति बोकेर बाँच्नु पर्ने अवधारणा आजसम्म चल्दै आएको छ । यसले गर्दा समाजभित्र थुप्रै विकृति, विसङ्गति उत्पत्ति हुन गए । एकातर्फ भाग्यवादले मानिसहरूमा निराशा, कुण्ठा उत्पन्न गऱ्यो । अर्कोतर्फ पैसाले नै सबै थोक पाउने कुरा जीवन व्यवहारमा मानिसहरूले अनुभूति गर्न थालेपछि संसारभरिका मानिसहरूमा पैसा सङ्ग्रह गर्ने होड चल्न थाल्यो । जसले गर्दा समाजभित्र मानिसहरू तयार पारिएका राज्यको औपचारिक तथा समाजको अनौपचारिक मूल्य–मान्यता, कानून सबैको आँखा छलेर पूँजीको सङ्ग्रह गर्ने काममा लाग्न थाले, जसलाई हिजोआज सजिलो भाषामा भ्रष्टाचार भनिन्छ ।

हिजो अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्ध दिवस थियो । सन् २००३ मा संयुक्त राष्ट्रसङ्घको महासभाले डिसेम्बर ९ लाई विश्वमा भ्रष्टाचारविरुद्धको आवाज बुलन्द गर्न अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्ध दिवसको रूपमा मनाउने मान्यता दिएको हो ।

आजको दिनलाई भ्रष्टाचारको विरुद्धमा जनचेतना जगाउने, भ्रष्टाचारीलाई निरुत्साहित गर्ने तथा जनतामा एक प्रकारको चेतना ल्याउने दिवसको रूपमा मनाइन्छ । यहाँनिर प्रश्न उठ्छ, आखिर भ्रष्टाचार के हो ? र भ्रष्टाचार जस्तो अनैतिक कर्म मान्छेले किन गर्छ ? यसप्रति रुचि हुनुको कारण के हो ? आउनुस्, यिनै प्रश्नको सेरोफेरोमा थोरै छलफल गरौं ।

सार्वजनिक ओहोदामा रहेका लगभग सबैले गर्ने गरेको तर कसैले पनि मैले गरेको छु भन्न नरुचाउने कामलाई भ्रष्टाचार भनिन्छ । अर्थात् व्यक्तिगत फाइदाको प्रयोजनमा सार्वजनिक हैसियतको दुरुपयोग गर्नुलाई नै भ्रष्टाचार भनिन्छ । भ्रष्टाचारलाई मूलतः दुई भागमा बाँड्न सकिन्छ । पहिलो संस्थागत भ्रष्टाचार । यसमा भ्रष्टाचार राज्य स्वयंले गरिरहेको हुन्छ । दोस्रो राज्यको आँखा छलेर आफ्नो ओहोदाको दुरुपयोग गरी गरिने भष्टाचार । राजनीतिक क्षेत्रमा हुने अपारदर्शी चन्दा, नीतिगत निर्णयको नाममा हुने स्वार्थ समूहको पक्षपोषण यी दुई विषयलाई नेपालजस्तो अल्पविकसित देशमा हुने भ्रष्टाचारको जग मानिएको छ । मन्त्रिपरिषद्बाट गरिने नीतिगत निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानको दायरामा नपर्ने ठानेर विभागीय प्रमुखबाट हुन सक्ने निर्णयसमेत मन्त्रिपरिषद्मा पठाउने प्रवृत्ति देखिएको छ । निजी क्षेत्रको भ्रष्टाचारलाई भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिले अनुसन्धानको दायरामा ल्याउनुपर्ने कुरामा जोड दिन्छ र नेपालले पनि यसलाई अनुमोदन गरिसकेको छ । बैंक, वित्तीय संस्था, सहकारी संस्था, मेडिकल कलेजहरूमा जनसाधारणको समेत लगानी रहेको हुन्छ । यस्ता क्षेत्रमा सञ्चालक, व्यवस्थापक वा कर्मचारीले गर्ने भ्रष्टाचारजन्य कार्यको अनुसन्धान नगर्ने हो भने जनताको लगानी खेर जाने अवस्था आउन सक्छ । निजी क्षेत्रको नियमन गर्ने संस्था छन् तर प्रभावकारिता देखिएको छैन भन्दा पनि यदाकदा यस्ता निकायहरू स्वयम् नै भ्रष्टाचारको कर्ममा जोडिएका सामाचारहरू बेलाबेलामा विभिन्न छापाहरूमा आइरहेका देखिन्छन् । त्यतिमात्र होइन सार्वजनिक पदमा बहाल भएपछि कतिपय पदाधिकारी तथा कर्मचारीको आर्थिक हैसियत, धाक, रवाफ, लवाइखवाइमा ठूलो परिवर्तन आउने गरेको पाइन्छ । पदको दुरुपयोग गर्दै भ्रष्टाचारबाट हुने आम्दानीले समाजमा विकृति पैदा गरेका छन् ।

त्यसैगरी, धेरै पैसा हुनेले सामाजिक व्यवहार, चाडपर्वमा गर्ने खर्चले नहुने वर्गलाई प्रताडित बनाएको अवस्था सहजै देख्न सकिन्छ । अकुत सम्पत्ति आर्जन गर्ने मनोरोगबाट कैयौं पदाधिकारी र कर्मचारी ग्रसित छन् । यस विषयमा भइरहेका अनुसन्धानले मुलुकका लागि आय गर्ने, विकास निर्माणका कार्यमा खर्च गर्ने र शक्तिको उपयोग गर्नेहरूबाट बढी मात्रामा सम्पत्ति थुपार्ने गरेको तथ्य फेला पर्ने गरेको छ । समाजभित्र सम्पत्तिवालाहरूले पाउने गरेको मानप्रतिष्ठाले गर्दा सर्वसाधारणमा आफू पनि कसरी मानप्रतिष्ठा पाउने भन्ने विषय केवल धनवान् बने मात्रै निकासको रूपमा देखिन्छ । अर्थात निजी सम्पत्ति नै सम्पूर्ण मानप्रतिष्ठाको स्रोत भएको हुनाले सबैको अर्जुनदृष्टि निजी सम्पत्ति आर्जनमा रहेको देखिन्छ । यही नै एउटा प्रमुख कारण हो, जसले गर्दा समाजभित्र सानादेखि ठूलासम्म सबैजना भ्रष्टाचार गर्न आफ्नो नैतिकता झार्न हौंसिएका देखिन्छन् । खासगरी मध्यम वर्ग तथा दलाल पूँजीपति वर्गलाई सबैभन्दा बढी लाग्छ कि सम्पत्ति छ भने उसले आफ्नो सन्तानको भविष्य उज्ज्वल बनाउन सक्छ, छोराछोरीको पालनपोषण, शिक्षादीक्षा तथा बिहेवारी राम्ररी सम्पन्न घरमा गर्न सक्छ, बिरामी पर्दा राम्रो उपचार गर्न सक्छ, दिनदिनैको स्वास्थ्यबर्धक खाना र आरामयुक्त जीवन बिताउन सक्छ । हो, यही पूँजीवादी मानसिकताले गर्दा मानिसहरू पूँजीको पछाडि दौडिरहेका छन् ।

सम्पत्तिको वितरण राज्यले असमान ढङ्गले गरेको उसले देख्दैन, बरु उसलाई लाग्छ कि पूँजी भाग्यमा लेखेको रहेछ भने मात्रै पाउने हो । त्यसैले जीवनभर सत्कर्म गर्न मन्दिरमा तथाकथित अदृश्य शक्ति कतै नभएको ईश्वरको भजन भक्तिमा लाग्न पनि सङ्कोच मान्दैनन् । अन्धविश्वासलाई उसले आफ्नो सनातन संस्कृति मान्न थाल्छ । जीवनको सार नै अन्धविश्वास हो कि जस्तो मान्न थाल्छ । जबकि यी सम्पूर्ण कुराको पछि जगको रूपमा पूँजी नै रहेको उसले देख्न सक्दैन किनभने उसको आँखाको अगाडि अन्धविश्वास र रूढिवादको बाक्लो पट्टी बाँधेको हुन्छ ।

एउटा कुरा राम्ररी बुझ्न जरुरी छ कि धनाढ्य व्यक्ति कहीं न कहीं समाजको र राज्यको केही न केही चोरी गरिरहेको हुन्छ । कुनै पनि व्यक्ति जबसम्म चोरी गर्दैन, तबसम्म ऊ धनाढ्य हुन सक्दैन । यो अकाट्य सत्य हो । यो कुरा बुझ्न नसकेर कर्मको फल भन्दै आफूभित्रको विद्रोही भावनालाई सङ्गठित पारेर बलियो शक्तिकेन्द्रको रूपमा साङ्गठनिक विकास गरेर वर्ग शत्रुविरुद्ध हमला गरेर वर्ग शत्रुको सर्वनाश गरेर आफ्नो प्रकृतिले नै दिएको सम्पत्तिमाथिको अधिकार आफ्नो हातमा लिन चाहँदैन उल्टो उसले धर्मकर्मलाई नै सम्पत्ति कमाउने माध्यमको रूपमा प्रयोग गर्न खोज्छ । जबकि धर्मकर्म उसलाई सम्पत्तिबाट विमुख बनाउन छट्टु मानिसहरूले षडयन्त्रमूलक ढङ्गले आविष्कार गरेर ल्याएको चीज हो भन्ने कुरा ऊ कहिले बुझेको हुँदैन अथवा बुझ्न चाहँदैन ।

त्यसैले हामीहरूले बुझ्न जरुरी छ, कुनै पनि भ्रष्टाचारको पछाडि सर्वप्रथम पूँजीको अभाव व्यक्तिमा हुनु र पूँजी थुपारेपछि सामाजिकरूपमा पाउने मानप्रतिष्ठाले गर्दा नै कुनै पनि समुदायमा भ्रष्टाचार सजिलै फल्ने–फुल्ने मौसमविनाको सदाबहार जस्तै फलिराख्ने फुली राख्ने मीठो फल हुन गएको छ । यसलाई समाप्त पार्न अन्ततः निजी सम्पत्तिलाई समाप्त गर्नैपर्छ । जबसम्म मानवसमाजमा निजी सम्पत्ति छ, तबसम्म मानवसमाजले अनेकौं प्रकारका दुःखहरू भोग्न विवश भइरहन्छ । निजी सम्पत्तिलाई सामुदायिक सम्पत्तिमा रूपान्तरण गर्ने बित्तिकै लगभग सबै दुःखको अन्त्य हुनेछ भन्ने कुरा सबैले बुझ्न जरुरी छ । सम्पत्तिको सामुदायिकीकरण गर्न त्यति सजिलो छैन । त्यसैले निजी सम्पत्ति उन्मूलनका लागि नेपाली समाजमा मात्र नभई संसारभरि नै निजी सम्पत्तिको ठाउँमा सामुदायिक सम्पत्ति हुने व्यवस्था वैज्ञानिक समाजवाद ल्याउन जरुरी छ । वैज्ञानिक समाजवादको निर्माण तबसम्म हुन सक्दैन, जबसम्म दलाल पूँजीवादी संसदीय व्यवस्था रहिरहन्छ । दलाल पूँजीवादी संसदीय व्यवस्थाको अन्त्य नै वैज्ञानिक समाजवाद व्यवस्थाको प्रादुर्भाव हो ।

# मातृ तथा बाल स्वास्थ्यमा सुधार

काठमाडौं, २३ मङ्सिर ⁄ रासस

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ ले नेपालमा मातृ तथा बाल स्वास्थ्यमा सुधार भएको देखाएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा आज आयोजित पत्रकार सम्मेलनमा विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको तथ्य सार्वजनिक गरिएको हो ।

सर्वेक्षण अनुसार एक महिलाले औसतमा दुई सन्तान जन्माउने गरेका छन् । नेपालमा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरमा उल्लेखनीय कमी आएको सर्वेक्षणले देखाएको छ । सन् १९९६ मा प्रतिमहिला चारदेखि छ बच्चा जन्माउने दर सन् २०२२ मा सो दर दुईदेखि एकमा झरेको हो । यता, सन् १९९६ मा पाँच वर्षमुनिका बालबालिकाको प्रतिहजार जीवित जन्ममा ११८ जनाको मृत्यु हुने गरेको थियो ।



अहिले तुलनात्मकरूपमा घटेर प्रतिहजार जीवित जन्ममा ३३ जनाको मृत्यु हुन आएको छ । विगत २५ वर्षयता १२–१३ महीनाका बालबालिकामा आधारभूत खोपको दायरासमेत बढेको छ । सन् १९९६ मा ४३ प्रतिशत रहेको खोपको दायरा सन् २०२२ मा ८० प्रतिशत पुगेको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ | २०७९ मङ्सिर २४ गते शनिवार | 2022 December 10 Saturday



## बङ्गलादेशको सीमाछेउमा पुग्दा

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

अगस्त ३ तारिख २०२२ अर्थात् १८ साउन २०७९ बुधवारको यो बिहान निकै प्रिय लागेको छ। अहिलेसम्मको यात्रा असमतर्फको थियो तर एकैछिनमा र एकैछिनको लागि यात्रा बङ्गलादेशको सीमा बन्न पुगेको छ। निकै छोटो यात्रा हो यो।

स्कारपिओ बिस्तारै यस कारण गुडिरहेको छ कि अनजानमा कतै टाढा नपुगौं। नजीकै सीमा तर टाढा कसरी जान सकिएला। कहाँसम्म पुग्न पाउने हो, त्यो महत्त्वपूर्ण हुन्छ। जहाँसम्म गाडी जान मिल्छ र जहाँसम्म पैदल जान सकिन्छ, त्यहाँभन्दा अलिकति पनि भित्र जानु भनेको अनजानमैं ठूलो भूल हुन सक्छ। यस्तो अन्तर्राष्ट्रिय सीमामा त झन् भूल मानिंदैन, अपराध मानिन सक्ला। यस्तै सतर्कतामा बिस्तारै गुडिरहेको स्कारपिओ एक इशाराले छेउतिर उभिन्छ।




बङ्गलादेशको सीमामा लेखक। तस्वीर: प्रतीक

अलिकति डर र बढी उत्सुकता मिसिएको पाइला चालेर ओर्लिन्छौं गाडीबाट। सोध्नु त पऱ्यो। कहाँसम्म जान दिइन्छ।

पहिले त त्यहाँ जो जो देखिन्छ, उनैलाई सोध्ने हो। सीमासम्म जान कतैबाट कुनै रोक छैन। अझ गाडी एकातिर रोकेर हामी पैदल हिंडिरहेका छौं। हामी सबैका हात खाली छन्। झोला, बोरा वा अन्य केही पनि छैन। खाली हात पैदलयात्रीलाई सीमासम्म जान किन रोक्ने ?

र पनि अगाडि बढिरहेका हाम्रो मनमा भने आशङ्का उब्जन्छ। कतै रोकेर केही भन्ने त होइन। हाम्रो भेष पनि कुनै यात्रुजस्तो छैन। सबैले अत्यन्त साधारण पहिरन लगाएका छौं। बाबाधामको यात्रामा जाँदा लगाउने वस्त्रकै समकक्षी वस्त्रहरू छन्। सबैका खुट्टा नाङ्गा छन्। कोही कसैले जुत्ता चप्पल लगाएका छैनौं।

बायाँतिर सरकारी संरचना बनेका छन्। सरकारी संरचना भारत सरकारले बनाएको हो। सीमा क्षेत्र एकदमै शान्त छ। धेरै मानिसको चहलपहल पनि छैन। हामीकहाँ भने गौर भन्सार होस् वा वीरगंज भन्सार क्षेत्र, सधैं चहलपहल घनीभूत हुन्छ। साना सवारीसाधन ओहोरदोहोर गरिरहेका हुन्छन् र कैयौं गाडीमा सामान लोड भएको हुन्छ, जसलाई भन्सार चेकजाँच तथा भन्सार कर तिर्नुपर्ने हुन्छ। यहाँ सामान बोकेका गाडीहरू त छन्, तर साना सवारीसाधनको भने अभाव नै देखिन्छ। सजिलै अनुमान लगाउँछौं– हामीकहाँको भन्सारजस्तो यहाँका स्थानीय नागरिकलाई ओहोरदोहोर गर्ने छुट रहेनछ। एक देशका नागरिक अर्को देशमा यस नाका भएर जाँदा धेरै कानूनी प्रक्रिया पूरा गरी जानुपर्ने रहेछ।

सीमामा तैनाथ सुरक्षाकर्मीले बोलाएर सोध्नुभन्दा आफैंले आफ्नो कुरा राखेको राम्रो। यदि बोलाएर सोध्छन् भने डर लाग्छ, अनेक शङ्का उब्जन्छ मनमा।

अब एउटा समस्या आउँछ। समस्या कस्तो हुन्छ भने भारतीय सुरक्षाकर्मीले सोधेमा कहाँको भन्ने ? हामीमध्ये स्कारपिओ चालक चाहिं बिहारका हुन् अर्थात् भारतीय नागरिक हुन्। बाँकी सबै हामी रौतहट नेपालका छौं। भारतीय सुरक्षाकर्मीका अगाडि भारतीय बताउने कि नेपाली ? अनिलकुमार निधि सरको सीधा र स्पष्ट तर्क हुन्छ– सुरक्षाजस्तो संवेदनशील मामिलामा जे छ त्यही भन्नुपर्छ। कुनै कारणले विशेष सोधखोज गर्ने अवस्था आएमा आफू एक ठाउँको बासिन्दा र अर्को ठाउँको बासिन्दा भन्ने हो भने अप्ठ्यारो पर्न सक्छ। यस्तो सन्दर्भमा सुरक्षाकर्मी अझ सशङ्कित हुने सम्भावना रहन्छ। यस कारण यदि सोध्ने वा भन्ने अवस्थामा आएमा नेपाली नै हौं भन्नुपर्छ।

म पनि सुरक्षा सन्दर्भमा सचेत रहन चाहन्छु। यस्तो परदेशमा आएको बेला नेपाली हौं र आफ्नो गाउँठाउँ वा प्रसिद्ध ठाउँहरूको नाम भनिदिंदा कोही आए गएका हुन्छन् भने निकै राम्रो मान्छन्। आफन्तजस्तो व्यवहार गर्छन्।

तीनजना सुरक्षाकर्मी एक ठाउँमा बसेका छन्, सडकको छेउमा बनेको घरको संरचनामा। अगाडि पूरा सडक

(बाँकी पाँचौं पातामा)

## दी अमेरिकन लाइफ (१२)

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

### भूमिको प्रचूरता

भूमिको प्रचूरताले अमेरिकालाई विशेष किसिमले परिचित गराउँछ। रूस, क्यानडा र अमेरिकाले ओगटेको जमीन विश्वको कुल जमीनको एक करीब एक चौथाइ हुन आउँछ। अमेरिकाभन्दा क्षेत्रफलमा केही मात्र सानो चीनको जनघनत्व अमेरिकाभन्दा ज्यादै बढी छ। अमेरिकाको जनघनत्व प्रतिवर्ग किलोमिटर ३६ जना रहेको छ भने चीनको जनघनत्व प्रतिवर्ग किलोमिटर १५३ जना रहेको छ। जमीनको आधारमा विश्वको तेस्रो ठूलो देश अमेरिकाको जनसङ्ख्या ३३ करोड २४ लाख रहेको छ भने जमीनको आधारमा विश्वको सातौं ठूलो देश भारतको जनसङ्ख्या एक अरब ४२ करोड रहेको छ। भारतको जनघनत्व पनि ज्यादै बढी छ। भारतको जनघनत्व प्रतिवर्ग किलोमिटर ४६४ जना रहेको छ। अर्थात् भारतमा एक वर्ग किलोमिटरमा ४६४ जनाको बसोबास छ। तुलनात्मकरूपमा भारतमा कम जमीनमा धेरै व्यक्तिको बसोबास छ भने अमेरिकामा धेरै जमीनमा कम व्यक्तिहरूको बसोबास छ। यी तथ्यहरूबाट पनि अमेरिकामा जमीनको प्रचुरता कति बढी छ भन्ने कुरा ज्ञात हुन आउँछ।

जमीनको प्रचुरताले पनि अमेरिकालाई धनी तुल्याउनमा महत्त्वपूर्ण भूमिका खेलेको छ। तर यहाँ उल्लेख गर्नुपर्ने महत्त्वपूर्ण कुरा के छ भने अमेरिकामा जमीनको प्रचुरता भए तापनि सबै जमीन कृषियोग्य छैनन्। आधुनिक प्रविधि र कडा परिश्रमले धेरै जमीनलाई कृषियोग्य पारिएको छ। अर्थात् अमेरिकीहरूले कडा परिश्रम र उच्च प्रविधि प्रयोग गरेर उब्जाउ नरहेका जमीनलाई पनि उब्जाउ तुल्याएका छन्। यो कारणले गर्दा कृषि–उत्पादनको क्षेत्रमा पनि अमेरिकाको स्थान अग्रणी छ। ब्रजील पछि अमेरिका विश्वमा नै दोस्रो सर्वाधिक भटमास उत्पादन गर्ने देश हुन पुगेको छ। इलिन्वाए, आइवा, मिनेसोटा, नेब्रास्का, इन्डियाना, मिजोरी, ओहायो, साउथ डकोटा, क्यान्सस, नोर्थ डकोटा, आर्कान्सस आदि अमेरिकी राज्यमा ठूलो परिमाणमा भटमास उत्पादन हुन्छ। अमेरिकाले ठूलो परिमाणमा चीन, मेक्सिकोलगायत अन्य देशहरूमा भटमास निर्यात गर्छ।


अमेरिकामा त्यस्तो व्यापारिक वा आवासीय घर पाउन असम्भव छ, जहाँ मोटर गुड्ने सडक पुगेको नहोस्। अर्थात् हरेक घरमा मोटर गुड्ने सडक पुगेको हुन्छ नै। तोकिएको एउटा स्थानबाट तोकिएको अर्को स्थानमा पुग्न मुख्य सडकबाहेक अन्य वैकल्पिक सडकहरू पनि धेरै छन्। अमेरिका विश्वमा नै धेरै सडक (क्षेत्रफलको आधारमा) भएको देश हो। विश्वमा नै प्रथम हो। अमेरिकामा सडकहरूको कुल लम्बाइ ६५ लाख ८६ हजार ६१० किलोमिटर रहेको छ। अमेरिकी सडकको बारेमा यस्तो भनिएको पाइन्छ, "अमेरिकाका सडकहरूलाई डोरी मान्ने हो भने त्यो डोरीले यो पृथ्वीलाई एकपटक बेर्न मिल्छ।"

भूमिको प्रचुरताले गर्दा अमेरिकामा दुई किसिमका सडक निर्माण गर्न सम्भव र सजिलो भएको छ। निर्माण गरिएका ती दुई किसिमका सडकमध्ये एउटा किसिमको सडक, जसलाई 'हाइवे' भनिन्छ, मा तीव्रगतिमा कार, ट्रक, बस आदि कुदाउन सकिन्छ। र त्यस्ता हाइवेहरूमा आवागमन नियमित पार्ने ट्राफिक लाइट हुँदैनन्। ती हाइवेहरूमा गाडी चलाउँदा हाइवेमा गाडी रोक्न पाइँदैन। अर्को किसिमको सडक, जसलाई 'स्ट्रीट' भन्ने गरिन्छ, मा मन्द गतिमा पनि कार, टक्र, बस आदि चलाउन सकिन्छ। र ती स्ट्रीटहरूमा आवागमनलाई नियमित पार्न ट्राफिक लाइट राखिएका हुन्छन्।

यसरी जमीनको प्रचुरता र त्यसलाई उपयोग गर्न सक्ने अमेरिकीहरूको कठोर श्रम र कुशलताले अमेरिकालाई विश्वमा नै एक नम्बर धनी देश हुनमा महत्त्वपूर्ण भूमिका खेलेको छ।

## "ए बहिना, साग खोटे ना चलेम का ?"

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

**वृद्धको नजरबाट ओत परेपछि महिलाहरूको सासमा सास आयो। नहरको डिल हुँदै गाउँ नजीकै बाँसघारीमा पुगेर धेरैबेरसम्म खेसारीको साग र वृद्ध काकाको चर्चा चलिरह्यो। अन्ततः उनीहरूले साग भागबन्डा लगाए र हाँसोठट्टा गर्दै घर तर्फ लागे।**

"ए बहिना, ना चलेम का साग खोटे ?" छिमेकी चम्पाले उमादेवीसँग प्रश्न गरिन्। बाख्राबाख्रीलाई आहारा हालिरहेकी उमादेवीले जवाफमा भनिन्–"रह ना उनका (पति) के खियाके चलतानी।" उमादेवीको स्वरमा आक्रोश थियो। "काहे खिसियाइल बानी बहिना ?" चम्पाले पुनः प्रश्न गरिन्। उमा देवी चम्पाको नजीक आइन् र हात हल्लाउँदै ठूलो स्वरमा भनिन्–"रोज के इनकर इहे लीला बा, बाल्टी–लोटा ले के ओहिबेरा गइलहन नाहाए, अभि ले ना अइलन।"

बाल्टी र लोटा लिएर अघि नै नुहाउन गएका पति अहिलेसम्म आएका थिएनन्। त्यस कारण उमादेवी आक्रोशित थिइन्। उमादेवीका पति नुहाउन जाँदा ढिलो आउने बानी थियो। गफमा अल्झेपछि पत्नी प्रतीक्षा गरिरहेकीहोलिन्, खाना नखाएकी होलिन् आदि कुरा बिर्सन्थे। उमा भने पति नआएसम्म, पतिले खाना नखाएसम्म पर्खिबस्थिन्।

हिजो घोन्सारमा उमादेवी र छिमेकी महिलाबीच आज साग टिप्न जाने योजना बनेको थियो। एकाबिहानै खेत गएका पति झन्डै दश बजे घर आए। पतिदेव नुहाउन जान लाग्दा उमादेवीले– "सुनतानी, साग खोटे जाएके बा, जल्दी आजाएम" भनेकी थिइन्। यद्यपि एघार बजे नुहाउन हिंडेका पतिको दिउँसो एक बजेसम्म अत्तोपत्तो थिएन। उमादेवी भुनभुन गर्दै घरको कामकाज गर्दैथिइन्।

चम्पा तथा उमादेवीबीच कुराकानी चलिरहँदा पतिदेवको आगमन भयो। उनको एक हातमा पानीले भरिएको बाल्टी, अर्को हातमा लोटा र काँधमा भिंजेको कट्टु, गम्छा तथा मरदानी थियो। पतिलाई पत्नी आक्रोशित हुनुको कारण ठम्याउन कठिन थिएन। भिजेको कपडा झमडामा लटकाए। अर्कोतर्फ फर्केर मुस्कुराउँदै भने–"काहे एतना खिसियाइल बाडु हो हमर चिरई।" रिसमा चुर उमादेवी केही बोलिनन्। ठूलो र तेर्सो आँखा पारी पतिको अनुहारमा एकटक हेरिइरहिन्। नातामा उमादेवीका पति चम्पाको 'भसुर' (जेठाजु) थिए। त्यस कारण चम्पा त्यहाँबाट चम्पत भइन्।

पतिले अमिलो मुहार बनाएर उमा देवीसँग सफाइ पेश गर्दै भने–"पञ्च पसेरी सहित गाँवभर के लोग मन्दिर तर जामा भइल रलख लोग। खाद–बिया के बारे में गपशप होखे लागल ह। ओहि से देरी भइल ह।" गँहु तथा तेलहनको बीउ र मलबारे छलफल गर्दा समय लागेको पतिको स्पष्टीकरणले उमादेवीको अनुहारमा खुशी उत्पन्न गर्न सकेन।

पतिले पुनः सफाइ दिनुभन्दा चुप लाग्नु नै बेस ठाने। बाल्टी र लोटा लिएर घरभित्र पसे। आँगनमा लोटा राख्दै परालको बिट्ठामा विराजमान भए। औंलाले कपाल सुम्सुम्याउँदै यतिउति हेर्न थाले। खानाको प्रतीक्षा गर्न थाले। उमादेवी केही नबोली भान्सामा पसिन्। केही बेरमा खानाको थाल लिएर आइन्। पतिदेवको अगाडि थाल पस्किइन्। भुनभनु गर्दै आँगनको अर्कोतर्फ कुनामा गएर बसिन्। पतिदेव खाना खान थाले। खाना खाँदै पतिले आँखा तेर्सो पारी घरीघरी उमाको अनुहार नियाले। शायद पत्नीलाई फकाउने योजना बनाइरहेका थिए।

धेरै गुणाभाग गरेपछि पतिको मुखबाट सानो स्वरमा केही शब्द प्रस्फुटित भए। थालमा हेर्दै उनले भने–"वाह, आज के खाना गज्जब स्वादिष्ट भइल बा। मने एगो हरिहर मर्चा, नमक आ एक टुकी आम के अचार मिल जाइत नु त आहाहा... खाना के स्वाद दश गुना बढ जाइत।" यस्तो लाग्थ्यो कि यो कुरा उनी घरको भित्तासँग गरिरहेका छन्।

उमाले पनि तेर्सो नजरले पतिलाई हेरिन्। पतिले फकाउनका लागि यो कुरा गरेको उनलाई बुझ्न कठिन थिएन।



बथुवा र खेसारीको साग।

भान्सामा गइन् र हरियो खुर्सानी तथा नुन लिएर आइन्। पतिको थालमा पस्कँदै भनिन्–"हुंह, रउवा नु, पेला पचावे के लुर कम नइखे।" पति पत्नीको नजर जुध्यो। उमादेवीले मुहारमा आउन लागेको मुस्कानमा रोषको लेप चढाइरहेकी छन्।

यता पतिले पत्नीको अर्द्ध मुस्कानलाई पूर्ण मुस्कानमा रूपान्तरण गर्न प्रयासरत थिए। भने–"एक टुकी अचार भी ना दे द हो हमर धनियाँ।" हस्याङ्गफस्याङ्ग उमादेवी भान्सामा गइन्। सिकहरमा झुन्डिएको माटोको भाँडोबाट आँपको अचार निकालिन्। चुलेसीले दुई टुक्रा पारिन्। एक टुक्रा पतिको थालमा पस्केर अर्को टुक्रा भाँडोमा राखेर पुनः सिकहरमा झुन्ड्याइदिइन्।

पतिले हाँसीखुशी खाना खाए। हात धोएर पत्नी नजीक गएर भने–"भोलि देखि समयमा नुहाउँछु र खाना खान्छु। ढिलो गर्दिनँ।" यो कुरा सुनेपछि उमा देवीले हाँसो रोक्न सकिनन्। पेट मिचिमिची हाँस्दै भनिन्–"विवाहपछि पाँच सयपटक भन्दा बढी यो कुरा तपाईंले भनिसक्नुभएको छ। यस उप्रान्त बहाना बनाउनुहुँदैन भन्ने कसरी पत्याउनु ?" रिसखिस अहिलो हाँसोठट्टामा परिणत भइसकेको थियो।

आलिङ्गनबद्ध पतिपत्नीको प्रेममय माहोल तब खण्डित भयो, जब द्वारमा उभिरहेकी महिलाहरू–"ए बहिना, ना चलेम का साग खोटे ?" भन्ने स्वर कानमा पुग्यो। उनीहरूले भनिरहेका थिए–"बहुत देर से हमनी दुवार पर खडा बानी सन, ए बहिना।" पतिको आलिङ्गनबाट फुत्केर सारी र कपाल ठीक पार्दै उमा देवी द्वारमा आइपुगिन्।

महिलाहरूको समूह सरेहतर्फ गतिमान भएसँगै उनीहरूको मजाकिया जिज्ञासाबाट उमादेवी बच्न सकिनन्। उनीहरूले–"घरभित्र के भइरहेको थियो ? निस्कन किन ढिलो भयो ?" आदि सवाल बर्साउन थाले। यसरी हाँसोठट्टा गर्दै महिलाहरूको समूह अघि बढिरहेको थियो। केही बेरमैं महिलाहरूको समूह सरेहमा पुग्यो। केही दिन अघि गहुँको बोवनी भएका खेतमा उम्रेका बथुवाको हरियो सागमा उनीहरूको नजर जान बेर लागेन। साग टिप्ने कार्यमा महिलाहरू मग्न भए। निहुरेर साग टिप्दै र सारीको आँचलमा राख्दै उनीहरूलाई भ्याइ नभ्याइ थियो।

सोही क्रममा महिलाहरूबीच खेसारीको सागको चर्चा उठ्यो। एक महिलाले भनिन्–"खेसारी के साग अब दुर्लभ हो गइल बा। ओहि कारन महँग बा। काल्हु हमर पति साठ रोपया में एक पाव किन के ले अइनी।" उमा देवीले भनिन्–"हमनी लइका रनी सन त माइसँगे जाइँसन साग खोटे। खेसारी के नरम साग खोंटी सन आ खुब खाइँसन। अब त सहेर में खेसारी के साग लौउकते नइखे।" खेसारीको सागको चर्चा चलिरहेको बेला अर्की महिलाले भनिन्– "ए बहिना लोगिन्, गाँव के एक आदमी खेसारी के साग बोवले बानी, हमरा थाह बा, एकदिन खेसारी के साग त खोटनी मने साथ में गारिओ बहुत सुननीं।"

यति कुरा सुनेपछि "कता छ ? कसको खेतमा छ, खेसारीको साग ?" सबैजनाको मुखबाट एक साथ निस्क्यो। ती महिला औंलाले देखाउँदै भनिन्–"हउ लौकता नु उँखी के खेत, ओकरे बगल में खिसियहवा बाबा के खेत में बा।" महिलाहरूले आपसमा सल्लाह गरे। बथुवाको साग टिप्न छाडेर उतै लागे।

अहिले महिलाहरूको झुन्ड उखुको खेत नजीक थियो। जसै महिलाहरूको पाइला खेसारीको साग उम्रेको खेतमा पुग्यो, छडी लिएर खेतको अर्कोतर्फ उभिरहेका वृद्धमाथि नजर पऱ्यो। महिलाहरूको पाइला अघि बढ्न सकेन। महिलाहरूबीच भइरहेको सानो स्वरको भुनभुन वृद्धलाई शायद आभास भयो। उनी विपरीत दिशातर्फ फर्केर हेरे। महिलाहरूमा भागमभाग मच्चिरहेका बेला वृद्ध गर्जे–"कवन हइसन रे, ढुक लोगन खेत में, मार के तोहनी के गोड तुर देतानी।"

उमा देवीले युक्ति सुझाउँदै भनिन्– "हामी तीनजना काकाजीलाई कुरामा भुलाउँछौं र तिमीहरूले काकाजीको आँखा छलेर साग टिप्नु है। पछि भागबण्डा गरौंला।" सल्लाह बमोजिम उमादेवी सहित तीनजना उखुको खेतको अर्को तर्फबाट काका नजीक गए र बाँकी महिलाहरू उखुको ओतमा लुके।

काका नजीक पुगेपछि उमादेवीले भनिन्–"का समाचार बा काकाजी ? तबीयत ठीक बा नु ?" काकाले चश्मा सफा पार्दै शङ्कालु नजरले हेर्दै भने–"सब ठीक बा, तोहनी केने मेडरातारू लोगिन् ?" उता उमादेवीसहितको टोलीले

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व-१०५




महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

यतिबेला रात्रिकालमा यस राक्षसको प्रभाव निकै बढेको छ, अतः यसको तत्कालै नाश गरिदिनुहोस्। हामीहरूमध्ये यस भयङ्कर सङ्ग्राममा जो बाँच्नेछ, उसैले सेनासहित पाण्डवहरूसित युद्ध गर्नेछ। त्यसैले तपाईंलाई इन्द्रले दिएको शक्तिबाट यस भयङ्कर राक्षसको संहार गरिहाल्नुहोस्। कर्ण, सबै कौरव इन्द्रको समान बलवान् छन, कतै यस्तो नहोओस् कि यस रात्रि युद्धमा यी सबै आफ्ना सेनासहित नष्ट भइहालून्।

निशीथको समय थियो, राक्षसले कर्णमाथि निरन्तर प्रहार गर्दै थियो, सम्पूर्ण सेनामाथि उसको आतङ्क व्याप्त भएको थियो, यता कौरव वेदनाले व्यथित भइरहेका थिए। यी सबै कुरा हेरेर, सुनेर कर्णले राक्षस घटोत्कचमाथि शक्ति प्रहार गर्ने विचार गरे। अब उनी सङ्ग्राममा शत्रुको आघात सहन गर्न चाहेनन्, घटोत्कचको वध गर्ने इच्छाले कर्णले त्यो 'वैजयन्ती' नाम गरेको असह्य शक्ति हातमा उचाले। यो त्यही शक्ति थियो, जसलाई वर्षौंदेखि कर्णले अर्जुनलाई मार्नको लागि सुरक्षित राखेका थिए। उनी त्यस शक्तिको सदैव पूजा गर्ने गर्दथे। मृत्युको बहिनी अथवा लपलपाउँदो गरेको कालको जिब्रोको समान त्यो शक्तिलाई कर्णले घटोत्कचमाथि हानिदिए। त्यस शक्तिको प्रहारलाई हेर्ने बित्तिकै त्यो राक्षस भयभीत भएर विन्ध्याचल पर्वतको समान विशाल शरीर धारण गरेर त्यहाँबाट भाग्यो। रात्रिमा प्रज्वलित आगोको समान त्यो शक्तिले राक्षसको समस्त राक्षसी मायालाई समाप्त पार्दै घटोत्कचको छातीमाथि गहिरो चोट पारेर त्यसलाई विदीर्ण गरी माथि नक्षत्रमण्डलमा गएर अलप भयो। घटोत्कच भैरवनाद गर्दै आफ्नो प्राण गुमायो। त्यति बेला कर्णको अमोघ शक्ति प्रहारबाट उसको मर्मस्थल विदीर्ण भइसकेको भएपनि शत्रुको नाश गर्नेको लागि उसले भयङ्कर रूप धारण गऱ्यो। आफ्नो शरीरलाई पर्वको समान विस्तार गऱ्यो। त्यसपछि ऊ तल झऱ्यो। यद्यपि ऊ मरिसकेको थियो तैपनि उसले आफ्नो पर्वताकार शरीरबाट कौरव सेनाको एक भागको संहार गरिछाड्यो। उसको शरीरमुनि कौरवको एक अक्षौहिणी सेना किचिएर मऱ्यो। यस



प्रकार ऊ मरेर पनि उसले पाण्डवहरूको हीतसाधन गरेरै गयो। राक्षसी माया नष्ट भयो र राक्षस मारिएको हेरेर कौरवसेना हर्षनाद गर्न थाल्यो। साथै शङ्ख, भेरी, ढोलक र दमाहा पनि बज्न थाले। कर्णको प्रशंसा हुन थाल्यो र उनी दुर्योधनको रथमाथि सवार भएर आफ्नो सेनामा प्रवेश गरे।

सञ्जय भन्छन्- घटोत्कच मारिएपछि सम्पूर्ण पाण्डव शोकमग्न हुन पुगे। सबैको आँखाबाट बलिन्द्र धारा आँसु बग्न थाल्यो तर वासुदेवनन्दन श्रीकृष्णालाई अति प्रसन्नता थियो, उनी आनन्दमग्न थिए। उनी बडो जोडले सिंहनाद गर्दै हर्षातिरेकले नाच्न थाले। फेरि अर्जुनलाई अँगालोमा हालेर उनको पिठचूँमा धाप मार्दै बारम्बार गर्जना गर्न थाले। श्रीकृष्णको यस प्रकारको प्रसन्नता हेरेर अर्जुनले सोधे- मधुसूदन, आज तपाईंलाई यस प्रकार बेफ्वाँकको प्रसन्नता किन भइरहेको छ? घटोत्कच मारिएपछि हाम्रोलागि शोकको अवसर उपस्थित भएको छ, सम्पूर्ण सेना विमुख भएर भाग्दै गरेको अवस्था छ। हामीहरू पनि निकै आत्तिएका छौं र पनि तपाईं प्रसन्न भइरहनुभएको छ। यसको कुनै सानोतिनो कारण हुन सक्दैन। जनार्दन, कृपया बताउनुहोस्, तपाईंको प्रसन्नताको असल कारण के हो? यदि यो कुरालाई गोप्य राख्न आवश्यक छैन भने अवश्य बताइदिनुहोस्। मेरो धैर्य हराउँदै गइरहेको छ।

भगवान् श्रीकृष्णाले भने- धनञ्जय, मेरोलागि साँच्चिकै बडो आनन्दको अवसर आएको छ। कारण सुन्न चाहन्छौ? सुन, तिमीले जाने अनुसार कर्णले घटोत्कचलाई मारेका छन् तर म भन्छु कि इन्द्रले दिएको वैजयन्ती नामक शक्तिलाई निष्फल गरेर एक प्रकारले घटोत्कचले नै कर्णलाई मारेको छ। अब तिमीले कर्णलाई मरेकै ठान्नु। संसारभरिमा कोही पनि यस्तो मान्छे छैन, जो कर्णको हातमा त्यो शक्ति छउन्जेल उनको सामु टिक्न सकोस् र यदि उनीसित कवच र कुण्डल पनि रहेको भए उनी देउतासहित तीनै लोकलाई पनि जित्न सक्थे। त्यस अवस्थामा इन्द्र, कुबेर, वरुण अथवा यमराज पनि युद्धमा उनको सामना गर्न सक्दैनथे। म र तिमी सुदर्शन चक्र र गाण्डीव धारण गरेर पनि उनलाई जित्नमा असमर्थ हुने थियौं। तिम्रै हित गर्नको लागि इन्द्रले छल गरी उसलाई कवच र कुण्डलहीन गरिदिए। त्यसैको सट्टामा इन्द्रले कर्णलाई त्यो अमोघ शक्ति प्रदान गरेका थिए। त्यसपछि कर्ण सदैव तिमीलाई मरेकै ठान्थ्यो। आज यद्यपि उसका यी सम्पूर्ण वस्तु ऊसित छैन, तैपनि तिमीबाहेक अन्य कसैले पनि कर्णलाई मार्न सक्दैन। कर्ण ब्राह्मणभक्त, सत्यवादी, तपस्वी, व्रतधारी र शत्रुहरूमाथि दया गर्ने खालका योद्धा हुन्। क्रमशः...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

यदि हामीहरूलाई आफ्नो मूल स्वभावभित्र बसेको तत्त्वको महसूस भयो, आभास भयो भने विनाप्रयासले सबैथोक प्राप्ति सम्भव हुन सक्छ। पुराना धारणाहरूलाई त्याग्न हामीहरूलाई धेरै डर लाग्छ। हाम्रो आफ्नो हिम्मत छैन भने यसमा हामीहरूलाई कसैले केही मदत गर्न सक्दैन। यो साहस हामी आफैंले गर्नुपर्छ। कहिले के कहिले के अलिकति यो अलिकति त्यो गरेर केही काम लाग्दैन। हामीले हाम्रो जीवनको मार्ग पूर्णारूपले निश्चित गर्नुपर्छ, तबमात्र हामीलाई लक्ष्यप्राप्ति हुनेछ। जसले आफ्नो मूल स्वभावमा रहेको आत्मा तत्त्वको महसूस गर्न सक्छ, त्यो आभासलाई जीवन्तता दिन सक्छ, त्यो आभासको साथमा बाँच्न सक्छ, उसको आभामण्डल पवित्र हुनेछ। उसको विचार र क्रियाकलापमा श्रेष्ठता हुनेछ, उसको बोली मधुर हुनेछ, उसमा आनन्दको बास हुनेछ। उसको कर्ममा दिव्यता हुनेछ। हामीले यस्ता मानिसलाई भगवान् मानेर बस्यौं भने हामीभित्र लघुताभाष आउनेछ। हामीहरूले पनि त्यही हाम्रो मूल स्वभावमा रहेको आत्मा तत्त्वको आभास गरी लक्ष्य प्राप्त गर्नु छ। जसले आत्मा तत्त्वको आभास गर्न सक्यो उसमा केही खास कुरा थियो होला भनेर नसोच्नुस्। आत्मा तत्त्वको आभास गर्न खास कुरा केही चाहिंदैन। सहजता, सरलता, सजगता र निडरता चाहिन्छ। ती सबै चीज मानिसको साथमैं हुन्छन्। कुन मानिसमा आत्मा तत्त्वको आभास छ, कुन मानिसमा छैन, यसको चक्करमा नपर्नुस्। यदि यो जान्ने चक्करमा पर्नुभयो भने त्यसैमा अल्झिनुहुनेछ। कुन सही हो कुन गलत हो त्यही जान्नमैं जीवन खतम हुनेछ। त्यसबाट केही हात लाग्नेछैन। अरू के गर्दैछन्, यसबाट तपाईंलाई केही असर पर्दैन। अरूको कुरा पनि तपाईंले बुझ्नु हुनेछैन। कहिलेकाहीं यिनीहरूका कुराहरू धेरै उट्पटचाङका हुन्छन। तपाईंले बुझ्नुभएन भने यिनीहरूको कुराको अर्थ को अनर्थ लाग्छ। यसैले स्वयम् बोध हुनु आवश्यक छ। जबसम्म तपाईं स्वयम् बोध गर्न सक्नुहुन्न, तबसम्म कुनै पनि महापुरुषले तपाईंलाई केही दिन सक्दैन। यदि तपाईंभित्र बोध छ भने तपाईंलाई कुनै पनि झूटा पाखण्डीले तपाईंलाई दिग्भ्रमित गर्न सक्दैन।

भगवान्‌को नजीक जाने प्रयास नगर्नुस्, जाने प्रयास गर्नुभयो भने तपाईंले सिढी खोज्नुहुनेछ, जसलाई तपाईं भगवान्‌कहाँ पुऱ्याइदिने सिढी हो भन्ने ठान्नुहुनेछ। ती सबै पर्खाल हुन सक्छन्, ती सबै अप्ठ्यारा हुन सक्छन्। पर्खालहरूलाई त भत्काउनुपर्छ, पर्खालहरूलाई सिढीको रूपमा लिनुहुँदैन। हामीहरूलाई बाटो तथा सिढीको सहारा तब चाहिन्छ, जब हामीहरूलाई अन्त कतै जानुपर्ने हुन्छ। हामीहरूलाई त अन्त कतै जानु नै छैन किनकि भगवान् हामीहरूभित्रै मौजुद हुनुहुन्छ। केवल अज्ञानको पर्दालाई च्यात्नु मात्र छ, हटाउनु मात्र छ। टाउकोमा बोकिराखेको ठूलो भारी बिसाउनु मात्र छ। जे कुरा हामीसँगै छ, त्यसैलाई महसूस मात्र गर्नु छ। न केही ल्याउनु छ, न कहीं जानु छ। हामीहरूले ससाना बच्चाहरूलाई देखेका छौं, उनीहरू कति आनन्दमा रहन्छन्। फेरि उनीहरू जसरी जसरी ठूला हुँदै जान्छन्, उनीहरूमा आनन्द अरू बढ्दै जानुपर्नेमा ठीक उल्टो हुन्छ। जसरी जसरी उमेर बढ्दै जान्छ, त्यसरी त्यसरी नै आनन्द कम हुँदै जान्छ किनकि जसरी जसरी उमेर बढ्दै जान्छ, उनीहरू आफूमाथि भार बढाउँदै जान्छन्। बोध बिर्सदै जान्छन्। जबकि जति जति ठूलो हुँदै जान्छन्, त्यति त्यति बोध पनि बढ्दै जानुपर्ने हो। आकाङ्क्षाहरू कम हुँदै जानुपर्ने हो। यो बोध बढाउने र आकाङ्क्षा कम गर्ने काम मनभित्रको यात्राबाट मात्र हुन सक्छ।

यो पूर्णरूपमा निजी यात्रा हो। यसमा न कोही आफन्त काम लाग्छ, न कोही सहयोगी हुन्छन्। यस यात्रामा सङ्ख्याको केही महत्त्व छैन। जुन कुरा धेरै मानिसले मान्छन्, त्यही सही हुन्छ भन्ने जरुरी छैन। धेरै मानिसले गरिरहेका क्रियाहरू सही नै हुन्छन् भन्ने छैन। बुझ्दै नबुझीकन भीडको पछाडि लाग्नुभन्दा ठूलो मूर्खता केही छैन। यो जीवन यात्रा हो, यसमा धेरै र थोरै भन्ने मात्रा हुँदैन। तर आजकल बिल्कुल उल्टो भइरहेको छ। भीडले जे गरिरहेको छ, त्यो सबै गलत भइरहेको छ। जब भीड हुन्छ, तब विवेकले काम गर्दैन। मानिस विवेक शून्य हुन्छ। भगवान्‌ले हामीहरूलाई जागृत राख्नको लागि विवेक दिएको हो, निदाउनको लागि हैन।

हाम्रो मूल स्वभावमा रहेको आत्मा तत्त्व आनन्दलाई सम्झनोस्। कर्तालाई छोडेर कीर्तिलाई सम्झनोस्। कर्ताको रूपमा भगवान्‌लाई हामी देख्न सक्दैनौं तर उसको कीर्तिको रूपमा सारा अस्तित्वलाई हामी सजिलैसँग देख्न सक्छौं र आत्मा तत्त्वलाई महसूस गर्न सक्छौं। हामीहरू कर्ताको हिस्सा बन्न सक्दैनौं तर यस अस्तित्वबाट आफूलाई अलग पनि गर्न सक्दैनौं। हामीहरू भगवान्‌को शक्तिका अंश हौं। यस कारणले भगवान्‌सँग हाम्रो गहिरो नाता छ। एउटा अटुट नाता छ। नाता त छ तर आभास हराएको छ। यो आभासलाई पुनः जगाउनु छ र हरपल जगाइराख्नु छ। यसको लागि हामीले हाम्रो आत्मबल बढाइ राख्नु छ।

क्रमशः

# अस्थिपञ्जर : बनावट र कार्य



वाटिका

डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**हाडको ८० प्रतिशत भाग इनआर्गेनिक मेटेरियल जसलाई हाइड्रोक्सिएपेटाइट भनिन्छ, जसमा क्याल्शियम, फोस्फोरस, म्याग्नेशियम आदि साल्ट आउँछ र २० प्रतिशत भाग आर्गेनिक प्रोटीनबाट बनेको हुन्छ। आर्गेनिक प्रोटीनमा १५ प्रतिशत कोलेजन र बाँकी पाँच प्रतिशतमा ग्लाप्रोटीन नामक प्रोटीन हुन्छन्।**

हामीले फुसको घर बनाउँछौं। त्यसमा बाँस र काठको प्रयोग नगरी घरको ढाँचा तयार हुन सक्दैन। ती बाँस र काठ त्यस घरको फ्रेमवर्क हो। पुरानो समयमा पक्की घर बनाउँदा पनि सस्तिर र छतको लागि काठको कोरो लगाउनै पर्थ्यो। ती सस्तिर र काठ नै त्यस घरको फ्रेमवर्क हुन्थे। आजभोलि सबैमा छडको प्रयोग गरिन्छ। अतः आधुनिक घरको फ्रेमवर्क हो छड। हाम्रो शरीर पनि एक चलताफिरता घर नै हो, जसको फ्रेमवर्क हो, हाम्रा हाडहरू र त्यसले बनेका अस्थिपञ्जर। फ्रेमवर्कको मतलब हुन्छ, त्यो अनिवार्य तत्त्वविना जसको शरीरको ढाँचा बन्न सक्दैन। बाँसको टाटीमा माटोको स्तर लगाइन्छ। यहाँ बाँस फ्रेमवर्क हो भने माटो त्यसमा सौन्दर्य थप्ने र जाडो तथा गर्मी छल्ने कुरा हो। त्यस्तै, अस्थिसंस्थान फ्रेमवर्क हो भने मांसपेशीको प्लास्टर र छालाको फिनिसिङले शरीररूपी घरको सौन्दर्य र पहिचान प्राप्त गर्छ। कसैको खप्पर लिनुस्। त्यो कसको हो पत्ता लाग्दैन। तर त्यसमा मासु छाला थपियो भने तुरुन्त पत्ता लाग्छ कि ओहो यो त अमुक व्यक्तिको हो। मासु र छालालाई शून्यमा झुन्ड्याउन सकिंदैन। त्यसको लागि आधार बन्छ हाड। शरीरमा ६०० मांसपेशी हुन्छन्, जो २०६ वटा हाडमा टाँसिएका हुन्छन्। बच्चामा २७० वटा हाड हुन्छन्, जो आपसमा फ्युज हुँदै वयस्क अवस्थामा केवल २०६ वटा बन्छन्। हाडको वजन शरीरको वजनको १५ प्रतिशत हुन्छ। यदि कसैको वजन १०० पाउन्ड छ भने हाडको वजन १५ पाउन्ड हुन्छ। तर यदि तपाईंको वजन १५० पाउन्ड छ भने हाडको वजन २२.२ पाउन्ड नै पाइन्छ। ०.३ प्रतिशत मांसपेशी वा फैटले बनाउँछ। औसतन हाडहरूको वजन २०.५ पाउन्ड हुन्छ। जबडाको हाड स्टील जत्तिकै मजबूत तर स्टीलभन्दा ५० गुणा बढी हलुको हुन्छ। गिन्तीको हिसाबले स्कलको आठ, अनुहारको १४, रीढका हाड ३३, दुवै खुट्टाको ६०, दुवै हात र पाखुराको ६०, क्लेभिकल वा कलर वोन वा ब्युटिबोनको दुई, स्केपुला अथवा विङबोनको दुई, पेल्भिकबोन दुई, कानका हाड छ र हायवायड भन्ने घाँटीको बोन एक। यिनमा रीढको हाड धेरै नै विशेष हुन्छ, जो एकमाथि अर्को गरेर एउटा मजबूत र लामो कैभिटी बनाइ त्यसमा पास हुने सेन्ट्रल नर्भ अथवा ब्रेनलाई कमरसम्म पुऱ्याउने र उसको सुरक्षाको लागि कवचको काम गर्छ। कुनै बाँसको बीचको गाँठोमा प्वाल पार्दै जानुस् भने एउटा लामो पाइप बन्छ। त्यस्तै, प्रत्येक भर्टिब्रामा एक सेन्ट्रल ठूलो प्वाल हुन्छ र सबै मिलेर एउटा पाइपको निर्माण गर्छ। यसै पाइप भएर स्पाइनल कर्डले यात्रा गर्छ। अब त्यो सेन्ट्रल नर्भ प्रत्येक अङ्ग-अङ्गमा जानु छ। त्यसको लागि बाँसुरीमा बनाइएको छिद्र जस्तो छिद्र हुन्छन्। बाँसुरीमा त एकतिर मात्र छिद्र हुन्छ तर भर्टिब्राको दुवै छेउमा छिद्र हुन्छन्। त्यही भएर नर्भ निस्केर अङ्ग-अङ्गमा जान्छ। सबै हाडलाई दुई भागमा बाँडिन्छ- एक्जिएल अर्थात् शरीरको एक्सिसमा पाइने बोन जसमा खप्पर, छाती र रीढका हाड हुन्छन् तथा एपेन्डिकुलर जसमा बाँकी सबै आउँछन्। एक्जिएलको सङ्ख्या ८० र एपेन्डिकुलरको सङ्ख्या १२६ अर्थात् दुवै मिलेर २०६ हुन्छन्। शरीर विकासक्रमको अनुसार हाडका तीन प्रकार हुन्छन्- हाइड्रोसकेलेटन, जो माछाहरूमा पाइन्छ, एक्सोस्केलेटन, जो प्राणीको माथि पाइन्छ र कवचको रूपमा प्राणीको रक्षा गर्छ, जसरी कछुवा वा गङ्टोको हाड। एन्डोस्केलेटन, यसमा हाड छालाको भित्र बसी शरीरका अङ्गहरूलाई आधार प्रदान गर्छ र शरीरको फ्रेमवर्कको निर्माण गर्छ। मानिस आदि स्तनपायी प्राणीमा हाडको यही प्रकार पाइन्छ। आकार र प्रकारका अनुसार हाड पाँच प्रकारका हुन्छन्- १) लङबोन जसरी हात र खुट्टाको, फ्लैटबोन जसरी खप्पर र छातीका हाडहरू, सर्ट वा सानासाना हाड जसरी पञ्जा र





FIGURE 68-5: Parts of structure of long bone





FIGURE 68-6: Structure of compact bone

पैतालाका हाडहरू, इरेगुलर जसरी रीढका हाडहरू, सिसम्वायडबोन, जो मासुमुनि बसी पुलीको काम गर्छ। यसरी हाड, मासु र जोर्नी नै मिलेर मान्छे हरेक काम गर्न सक्षम हुन्छ, अन्यथा हुँदैन। सिसम्वायड शब्द अरेबिक शब्द सिसमको सीडबाट लिइएको हो। सबैभन्दा ठूलो सिसम्वायडबोन पेटेला हो, जुन घुँडाको जोर्नीमा पाइन्छ। सबैभन्दा मजबूत हाड स्कल, खुट्टा र भर्टिब्रामा हुन्छ। सबैभन्दा लामो हाड तिघ्राको हाड फिमर र सबैभन्दा साना कानको स्टेपिज भन्ने हाड हो।

जब शरीरमा १००० मिलीग्राम क्याल्शियम नसाबाट दिइन्छ, तब आधा घण्टामा त्यो हराएर जान्छ। कहाँ जान्छ त्यो? त्यस्तै जब १००० मिलीग्राम क्याल्शियम निकालिन्छ, तब आधा घण्टामा नै रगतमा क्याल्शियमको मात्रा ज्यूँका त्यूँ हुन्छ। कहाँबाट आउँछ त्यो? जब क्याल्शियम दिइन्छ, तब त्यो हाडमा गएर बस्छ। जब क्याल्शियम झिकिन्छ, तब रगतमा कम भएको मात्रा पुनः हाडबाट आइपुग्छ। यसरी रगतमा क्याल्शियमको मात्रा निश्चित बनिरहन्छ। मतलब यो पनि हो कि हाड र रगतमा क्याल्शियमको आदानप्रदान निरन्तर भइरहेको हुन्छ। यो कुरा हाडको बनावटले समझमा आउँछ। हाड कनेक्टिभ उत्तकको सपोर्टिङ टाइपबाट बनेको हुन्छ। यसको लागि एक लामो हाड लिएर हेर्नुस्। यसको दुवै छेउको माथि हाइलाइन कार्टिलेजको प्याड हुन्छ। जब एक हाड अर्को हाडसँग मिलेर जोर्नी बनाउँछ, तब यही कार्टिलेजले दुवै हाडको सतहबीच घर्षण हुनबाट बचाउँछ। रीढको हाडमा प्रत्येक दुई हाडबीच यही हुन्छ, जसलाई डिस्क भनिन्छ। बुढ्यौली वा टिबी रोगले यसलाई खाइदिन्छ, तब दुवै भर्टिब्रा आपसमा रगिंडएर दुखाइ शुरू हुन्छ। प्रत्येक हाडमा तीन कुरा अनिवार्य हुन्छन्। कम्प्याक्ट बोन- जहाँ बोनसेल धेरै घनारूपले सजिएका हुन्छन्। यही भएर हाडले पोषक तत्त्व, रगत, लिम्फ र नर्भ सप्लाई प्राप्त गर्छ। स्पोन्जी बोन- यो स्पोन्ज जस्तै बीचबीचमा खाली ठाउँ भएको हुन्छ र हाडको भारलाई हलुका बनाउँछ। स्पोन्जी बोन दुवै छेउमा कम्प्याक्ट बोनको बीचमा हुन्छ। स्पोन्जी बोनलाई मेटाफाइसिस र कम्प्याक्ट बोनलाई डायफाइसिस भनिन्छ। मेटाफाइसिसको माथि र तलको भागमा पनि एक/एक भाग हुन्छ, जसलाई इपिफाइसिस भनिन्छ, जसको सतह अर्को हाडसँग जोर्नी बनाउँछ। इपिफाइसिस र मेटाफाइसिसको बीचमा पनि एउटा कार्टिलेजिन्स प्लेट हुन्छ, दुवैतिर जसलाई ग्रोथ प्लेट भनिन्छ। यही कार्टिलेजमा नयाँ हाडको निर्माण हुँदै र डायफाइसिसमा जम्मा हुँदै जान्छन् र यसरी हाडको लम्बाइ बढ्दै जान्छ। किशोरावस्थाको अन्तिममा यो प्रक्रिया बन्द हुन्छ अथवा हाडको बढ्ने प्रक्रिया अवरुद्ध भएर अब हाडको मोटाइ बढ्छ, जुन २५ देखि ३० वर्षसम्म हुन्छ। यसरी लम्बाइ र मोटाइ दुवै अधिकतम प्राप्त गरेपछि ३० देखि ३५ वर्षमा हाड सबैभन्दा मजबूत अवस्थामा हुन्छ। कार्टिलेजिन्स प्लेटको कार्य समाप्त भएपछि त्यो एउटा पातलो रेखात्मकरूपमा बनिरहन्छ। मोटाइ भने अब दुवै छेउबाट होइन, छेउबाट हुन्छ। यसलाई एउटा लामो हाडको बनावटले बुझ्न सजिलो हुन्छ। लामो हाडको बाहिरबाट तीन तह हुन्छन्- सबैभन्दा बाहिर पेरियोस्टियम, त्यसभित्रको तह कार्टेक्स र सबैभन्दा भित्र मेडचुला जसमा मेडचुलरी कैभिटी हुन्छ, जसमा पहेंलो र सेतो बोनमैरो हुन्छ तथा त्यहीं रक्तकोषिकाको निर्माण हुन्छ। यसै पेरियोस्टियममा हाड बन्दै र कार्टेक्समा जम्मा हुँदै मोटाइ बढ्छ। पेरियोस्टियममा सानासाना नलिकाहरू हुन्छन्, जो हाडको लम्बाइको लम्बवत् निस्केर कार्टेक्सको लम्बाइको समानान्तर दगुर्ने नलिकामा मिल्छ। मानी लिनुस् एक नहर छ र धेरै सानासाना नालीहरू त्यसमा मिल्छन् अथवा खोलामा मिल्ने खोल्साहरू मिल्छन्। ठीक त्यस्तै पेरियोस्टियमका सानासाना नलीहरू कार्टेक्सको ठूलो नहरसरहको कैनलमा मिसिन्छन्। पेरियोस्टियमको नलीलाई भोल्कमैन कैनल जसलाई जर्मन अल्फ्रेड भोल्कमैनले पत्ता लगाए र कार्टेक्सको नलीलाई हेभर्सियन कैनल जसलाई ब्रिटिश कोलोप्टन हेभरले पत्ता लगाएको भनिन्छ। यिनै दुई कैनलबाट सम्पूर्ण हाडमा रगत, लिम्फ र नर्भको सप्लाई हुन्छ।

हाडको ८० प्रतिशत भाग इनआर्गेनिक मेटेरियल जसलाई हाइड्रोक्सिएपेटाइट भनिन्छ जसमा क्याल्शियम, फोस्फोरस, म्याग्नेशियम आदि साल्ट आउँछ र २० प्रतिशत भाग आर्गेनिक प्रोटीनबाट बनेको हुन्छ। आर्गेनिक प्रोटीनमा १५ प्रतिशत कोलेजन र बाँकी पाँच प्रतिशतमा ग्लाप्रोटीन नामक प्रोटीन हुन्छन्। हाड भने ओस्टियोब्लास्ट सेलले बनाउँछ। त्यसरी बनेकोलाई ओस्टियोसाइट वा बोनसेल भनिन्छ। यही ओस्टियोब्लास्टको स्रावले बोन मैट्रिक्स र बोन फाइबर वा कोलेजन फाइबर बन्छ, जसरी कुनै चराले गुडको जालो बुन्छ। त्यसैको बीचबीचमा ओस्टियोसाइट हुन्छ। त्यहीं मैट्रिक्सको जालामा मिनरलहरू पनि जम्मा हुँदै हाडलाई कडा बनाउने काम गर्छ। अर्को प्रकारको सेललाई ओस्टियोक्लास्ट भनिन्छ, जसको काम बनाउने होइन पुरानो हाड र मिनरललाई खाइदिने हुन्छ। मतलब यो कि ओस्टियोब्लास्टले हाड निर्माण र मिनरल डिपोजिशन गर्छ भने ओस्टियोक्लास्टले मिनरल ग्रहण गर्छ। यसरी मिनरल डिपोजिशन र रिआब्जर्भेसनलाई हाडको रिमोडलिङ

(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# सपिङ मलमा भीषण आगलागी एकजनाको मृत्यु

तस्वीरः एजेन्सी




मस्को, २३ मङ्सिर/एएफपी

रूसको मस्को क्षेत्रको खिम्की शहरमा रहेको एउटा सपिङ मलमा शुक्रवार भएको आगलागीमा एकजनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

मस्को क्षेत्रमा अग्निनियन्त्रकहरूले सात हजार वर्ग मिटर क्षेत्रफल ओगटेको सपिङ मलमा लागेको आगो निभाइरहेको रूसको आपत्कालीन अवस्था मन्त्रालयले टेलिग्राममार्फत जानकारी दिएको छ।

रूसी सञ्चारमाध्यमले मस्कोको शेरेमेत्येभो एयरपोर्टबाट करीब सात किलोमिटर (चार माइल) टाढा रहेको मेगा खिम्की सपिङ मलमा भएको आगलागीमा परी एकजनाको मृत्यु भएको बताएको छ।

घटनास्थलमा ७० भन्दा बढी अग्निनियन्त्रक र २० वटा दमकलले काम गरिरहेको आकस्मिक सेवाले जनाएको छ। भवनको डिजाइनका कारण काममा बाधा पुगेको बताइएको छ।

छत भत्किंदा आगो तुरुन्तै ठूलो क्षेत्रमा फैलिएको मस्को क्षेत्रका आपत्कालीन सेवाहरूले टेलिग्राममा जनाएको छ।

मानिसहरू जलिरहेको भवनबाट भागेर पार्किङस्थलमा पुगेको सामाजिक सञ्जालमा आएका भिडियोहरूमा देखाइएको छ। रासस

# इबोला परीक्षण खोपको १२ सय मात्रा प्राप्त

इन्तेबी, युगान्डा, २३ मङ्सिर/सिन्हवा

युगान्डाले बिहीवार इबोला परीक्षण खोपको एक हजार २०० मात्रा प्राप्त गरेको छ।

युगान्डाका स्वास्थ्यमन्त्री जेन रूथ एसेङ्ले राजधानी कम्पालाबाट ४० किलोमिटर दक्षिणमा रहेको सरकारी स्वामित्वको 'नेशनल मेडिकल स्टोर'मा आयोजित कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठन (डबलुएचओ)बाट परीक्षण खोपको १२ सय मात्रा प्राप्त भएको बताए।

मन्त्रीले इबोलाको प्रकोप घट्दै गएको समयमा खोप आएको भएपनि थप प्रकोप भएमा देश तयार छ भनी सुनिश्चित गर्न अनुसन्धान जारी रहने मन्त्रीले बताएका छन्।

प्रभावकारिता र सुरक्षा निर्धारण गर्न प्रारम्भिक अध्ययनहरूमा परीक्षण गरिएको युगान्डामा खोप हस्तान्तरण गर्ने डब्ल्युएचओ कन्ट्री अफिसका घटना प्रबन्धक चार्ल्स नजुगुनाले बताएका छन्। सबैभन्दा ठूलो जोखिममा भएकाहरूलाई परीक्षण खोप हस्तान्तरण गरिने र परीक्षणमा सहभागिता स्वैच्छिक र निश्शुल्क रहने पनि उनले बताएका छन्। रासस

### बङ्गलादेश ...

ढाक्नेगरी ठूलो र अग्लो फलामे ढोका छ। फलामे ढोकाभन्दा पनि मोटा रडले बनाइएको ढोका हो। वारपार त सजिलै देखिन्छ तर मानिस छिर्न पाउँदैन। केही बेर पैदल हिंडेपछि हामी भन्सार क्षेत्रमा छिरिसकेका हुन्छौं।

सुरक्षाकर्मीलाई पनि हामीलाई देखेर अलिकति उत्सुकता बढेको छ क्यारे। अनि आफ्नो कर्तव्य पनि निर्वाह गर्न चाहेका छन्। बिस्तारै इशाराले बोलाउँछन्। हामी सबै अघिपछि त्यहाँ पुग्दछौं। हिन्दी भाषामा सोध्छन्– कहाँ जान्छौ ? कहाँबाट आएका हौ ?

जानु त हामी असम गइरहेका छौं। प्रसिद्ध कामाख्यादेवीको दर्शन गर्न। बाबाधामबाट आइरहेका छौं। बाबाधाम भनेको देवघर हो। अहिले हामी यही सीमा हेर्न आएका हौं। यो सीमा कहाँसम्म हेर्न पाइन्छ ?

कहाँबाट आएका हौ ?

नेपालबाट।

नेपालको कुन ठाउँ ? काठमाडौंबाट ?

होइन। मधेस प्रदेश। जनकपुर नजीकबाट। जनकपुर जहाँ भगवान् श्रीरामको बिहे भएको थियो, जहाँ जानकी मन्दिर छ।

केही चिने वा सुनेजस्तो भाव झल्कन्छ अनुहारमा। अझ स्पष्ट पार्न भन्छौं– बिहारको सीतामढी जिल्लाको छेउमैं पर्दछ।

यस क्षेत्रबारे खासै धेरै सुनेका अधिकारी रहेनछन्। अलिकति वीरगंजको नाम सुनेको जस्तो गरे। एउटै काठमाडौंको नाम सुनेका थिए। हुन सक्छ, काँकडभिट्टा नाकाबाट सामान सधैं ओहोरदोहोर गर्ने भएकोले नाम सुनेका थिए तर हामीले धेरै भन्न चाहेनौं। प्रश्न गर्‍यौं– कहाँसम्म पुगेर हेर्न पाइन्छ ?

हातले दक्षिणतिर इशारा गर्दै ती नम्र र भद्र अधिकारीले भने– ऊ त्यहाँसम्म जहाँ भारतीय सुरक्षाकर्मीको अन्तिम पहरा छ। बङ्गलादेशको सुरक्षाकर्मीले पहरा दिइरहेको ठाउँतिर नजानू।

एकजनाले पहिले नै चेतावनी दिइसकेका थिए– भूलले पनि यदि बङ्गलादेशको सिमानामा पाइला टेक्ने हो भने सोझै ढाका पुर्‍याउँछन्। विश्वास र अविश्वासको पक्षभन्दा पनि झन्झट र झमेलामा किन पर्ने ?

सकारात्मक भावमा टाउको हल्लाउँदै मनमा उत्साहको हावा हुल्दै नजीकै भन्सारका संरचना हेर्दै त्यो विशाल ढोकातिर बढ्छौं। ढोका पूरै खुल्ने रहेछ। छेउबाट आवतजावत गर्न पनि बनाइरहेको रहेछ। हामी खाली हात किन मूल ढोका भएर निस्कनुपर्‍यो ? एउटा गाडी छिर्ने सजिलो सानो ढोकाबाट दक्षिणतिर निस्कन्छौं। लाग्यो बङ्गलादेशको भूमिमा पाइला टेकिसकेका छौं।

बङ्गलादेशको सिमानामा नै त छौं। ऊ त्यहाँ बङ्गलादेशका सुरक्षाकर्मीहरूले पहरा दिइरहेका छन्। निकै कम सङ्ख्यामा देखिन्छन् किनभने कुनै चहलपहल नै छैन। अघिदेखि अहिलेसम्म एक यात्रु वा सवारीसाधन भारतबाट बङ्गलादेश वा बङ्गलादेशबाट भारततिर आउजाउ गरेको छैन। जब कोही आवतजावत गरिरहेका छैनन् भने सुरक्षाकर्मीले पहरा दिएर मात्र हुन्न। सडकमा सुरक्षाकर्मीको उपस्थिति नदेखिए पनि छेउमा छन्, कुर्सीमा बसेका छन्, उता घरको पछाडि पनि देखिन्छन्। तर जेहोस्, बङ्गलादेशको भूमि, केही घर, वनस्पति तथा सुरक्षाकर्मी र त्यहाँको वातावरणसित निमेष नै सही, परिचित हुने अवसर प्राप्त गर्दछौं। बिल्कुलै नयाँ अनुभव र अनुभूति भइरहेको छ। हामी एकापसमा अनेक तर्क गर्दछौं। उत्साहका कुराहरू गर्दछौं। आफ्नै आँखाले एउटा नयाँ देश देखिरहेका छौं। सीमामा रहेको शान्ति अनुभूत गरिरहेका छौं।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | मित्रमिलन | वृष | अतिथिआगमन |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | कर्मप्राप्ति |
| तुला | राज्यलाभ | वृश्चिक | रोगभय |
| धनु | व्यापारवृद्धि | मकर | शत्रुपराजय |
| कुम्भ | सुसमाचार | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### ए बहिना ...

वृद्ध काकालाई कुरामा अल्झाइरहे। यता बाँकी महिलाहरू काकाको नजर छल्दै कहिले खेसारीको साग टिप्थे त कहिले उखुको ओतमा लुक्थे। धेरै बेरको अन्तरालपछि जब काका पछाडि फर्केर हेरे, महिलाहरूको झुन्ड उनको खेतमा साग टिपिरहेको थियो। काका ठूलो स्वरमा गर्जिए–"बडा बेशरम बाडी सन हइ मेहरारू सन हो।" छडी धर्तीमा ठोक्दै साग टिपिरहेकी महिलाहरूतिर दौडे। महिलाहरू कुलेलम ठोके।

वृद्धको नजरबाट ओत परेपछि महिलाहरूको सासमा सास आयो। नहरको डिल हुँदै गाउँ नजीकै बाँसघारीमा पुगेर धेरैबेरसम्म खेसारीको साग र वृद्ध काकाको चर्चा चलिरह्यो। अन्ततः उनीहरूले साग भागबन्डा लगाए र हाँसोठट्टा गर्दै घर तर्फ लागे।

### लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

**सभ्य समाजको पहिचानः लैङ्गिक हिंसाविरुद्धको अभियान**

बालविवाह, दाइजोप्रथा, बोक्सीप्रथा जस्ता लैङ्गिक हिंसाका घटना कानूनतः दण्डनीय कार्य हो। यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई कसूर अनुसार कैद तथा दण्ड जरिवानाको कानूनी व्यवस्था रहेको छ। यस्ता घटना भएको जानकारी पाउनासाथ जो कोहीले नजीकैको प्रहरी कार्यालय वा आपत्कालीन सहयोगको लागि पैसा नलाग्ने नेपाल प्रहरीको १००, राष्ट्रिय महिला आयोगको ११४५, बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलाश केन्द्रको १०४ नम्बरमा फोन गरी जानकारी दिन सकिनेछ।

वीरगंज महानगरपालिका कार्यालय

# भारतीय प्रहरीद्वारा चरेससहित तीनजना पक्राउ

प्रस, सिम्रौनगढ, २३ मङ्सिर/

नेपालबाट दिल्लीको लागि हिंडेकी एकजना महिलासहित तीनजना तस्करलाई भारतको मोतिहारी प्रहरीले ठूलो मात्रामा चरेसको साथ नियन्त्रणमा लिएको छ।

गोप्य सूचनाको मोतिहारीका बसपार्क र रेलवे स्टेशनमा खोजीको क्रममा मोतिहारी छतौनी बसपार्कमा शङ्काको आधारमा एकजना महिलासहित दुईजना पुरुषको झोला चेकजाँच गर्दा १८ किलो चरेस बरामद भएको मोतिहारी प्रहरीले बताएको छ। सोधपूछ गर्दा नेपालबाट चरेस ल्याइ दिल्ली लैजाने योजना रहेको पक्राउ परेकाहरूले बताएको प्रहरीले जनाएको छ।



पक्राउ परेकाहरूलाई सार्वजनिक गर्दै भारतीय प्रहरी। तस्वीरः प्रतीक

### मातृ तथा बाल स्वास्थ्य ...

छ। मन्त्रालयकी सचिव देवकुमारी अर्यालले सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले आगामी योजना तर्जुमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरिन्। उनले भनिन्, "स्वास्थ्य सम्बन्धित योजना बनाउन यस सर्वेक्षणले मार्गदर्शकका रूपमा सहयोग गर्नेछ। सर्वेक्षणमा देखिएका चुनौती समाधानका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँगै विभिन्न मन्त्रालयको अन्तरसमन्वय आवश्यक छ।"

सर्वेक्षणले कुपोषण, शिशु मृत्युदर, बालबालिकामा पुड्कोपन र रक्तअल्पतामा देखिएको अवस्था सन्तोषजनक नभएको स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले जानकारी दिए। उनका अनुसार स्वास्थ्य संस्थामा प्रसूति गराउनेको सङ्ख्या कम रहेको छ। यस्तै, परिवार नियोजन साधनको ७८ प्रतिशत माग रहेको छ भने ५७ प्रतिशत पूर्ति भएको छ भने २१ प्रतिशत माग अझै पूर्ति हुन सकेको छैन। रक्तअल्पता भएका बालबालिका ४३ प्रतिशत र महिला ३४ प्रतिशत रहेका छन्।

पाँच वर्षमुनिका २५ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या देखिएको छ। सबैभन्दा धेरै कर्णालीका बालबालिकामा पुड्कोपनको समस्या देखिएको हो। "कर्णालीमा ३३ प्रतिशत बालकालिकामा पुड्कोपनको समस्या देखिएको छ। यी बालबालिका दीर्घकालीन कुपोषणको समस्यामा छन्," नीति तथा योजना अनुगमन महाशाखाका प्रमुख कृष्णप्रसाद पौडेलले भने, "अहिले चारमा एकजनामा पुड्कोपनको समस्या देखिनु विगतभन्दा घटेको हो तर सन्तोषजनक हैन।"

### अस्थिपञ्जर ...

भनिन्छ। यस रिमोडलिङले नै सधैं ताजा हाड र मिनरल प्राप्त भइरहन्छ र पुराना रिआब्जर्ज भइरहन्छन्। हाडमा यो प्रक्रिया निरन्तर चलिरहन्छ। बुढेसकालमा ताजा हाड बन्ने प्रकिया कम र रिआब्जर्भ हुने प्रक्रिया बढी हुने भएकोले हाडको घनत्व कम हुन्छ र भाँच्ने क्रिया बढी हुन्छ। यसलाई ओस्टियोपोरोसिस भनिन्छ। बच्चामा हाड यस कारण बढी भाँच्ने गर्छ किनभने हाडको घनत्व बढी भएपनि बढ्ने प्रक्रिया र नाजुक हुन्छ। बुढेसकालमा भने फ्रेजाइल हुन्छ। मिनरल नै हाडको कच्चा पदार्थ हो भन्नुपर्छ। मिनोपाजपछि पनि हाडको घनत्व कम हुन्छ। यसको मतलब यसको कारण स्ट्रोजेन हार्मोन हो। मिनोपाजमा स्ट्रोजेन कम हुन्छ। यसको मतलब हाडमा मिनरलको डिपोजिशनमा हार्मोनको नियन्त्रण हुन्छ।

यसमा थाइराइड र पाराथाइराइडका हार्मोनको मुख्य भूमिका पाइए पनि पौरुष हार्मोन टेस्टेस्टेरोन र स्ट्रोजन तथा अन्य हार्मोनको भूमिका हुन्छ, जुन अलग्गै वर्णनको माग गर्छ। यसको अलावा क्याल्शियमको डिपोजिशन भिटामिन डीको मात्रामा पनि निर्भर गर्छ। यदि सूर्यको प्रकाशको अभावमा छालाले बनाएन अथवा खानामा कम भिटामिन डी खाइयो वा उचित मात्रा खाए पनि आन्द्रामा उचित अवशोषण हुन सकेन भने शरीरमा क्याल्शियमको पनि कमी हुन्छ। अतः क्याल्शियम र भिटामिन डी दुवैको समान ध्यान राख्नुपर्छ। खाली क्याल्शियम मात्र राखियो र भिटामिन डी राखिएन वा खाली डी मात्र राखियो र क्याल्शियम राखिएन भने यी दुवै अवस्थामा लक्ष्य पूरा हुँदैन। यस अवस्थामा भारवहन गर्ने खुट्टाको हाड धनुष जस्तो बनेर जान्छ, जसलाई बोलेग वा रिकेट भनिन्छ। वयस्कमा यसैलाई ओस्टोमेलेसिया भनिन्छ। त्यस्तै, पिउने पानीमा फ्लोरिन बडी भए अनेक हाड बाङ्गोटिङ्गो हुन्छ। हाड सैंकडौं वर्षसम्म यथावत् रहन्छ। त्यसपछि फोसिलको रूपमा यसले आफ्नो प्रिन्ट बनाउँछ जसको उमेर भन्नुपर्छ कि अनन्त नै हुन्छ किनभने करोडौं वर्ष पहिलेको डायनासोरको अध्ययन यसै फोसिलले सम्भव हुन्छ।

दुईटा वा दुईटाभन्दा बढी हाड मिलेर जोर्नीको निर्माण हुन्छ। हाम्रो शरीरमा ३६० वटा जोर्नी छन्। यसको प्रकारमा १) वाल र सकेट जोर्नीमा पाखुरा र हिप आदिको जोर्नी आउँछ। २) हिन्ज जोर्नीमा कुहिना र घुँडाको जोर्नी आउँछ। ढोकामा लगाइएको पेचलाई हिन्ज भनिन्छ। यसै हिन्जले ढोका १८० डिग्री अर्थात् आधा मात्र खुल्छ। त्यस्तै कुहिना र घुँडा पनि आधा मात्र खुल्छन्। पिभोट जोर्नी स्कल र गर्धनको बीचमा हुन्छ। पिभोट, कुम्हालेको चक्कीको बीचको भाग जस्तो हो, जसमा चक्की पूरा घुम्छ। तर यहाँ यस जोर्नीले गर्दा गर्धन दुवैतिर केवल आधा आधा मात्र घुम्छ। त्यस्तै ग्लाइडिङ, सैडल र कोन्डिल्वायड अरू तीन प्रकारका जोर्नी हुन्छन्, जुन खुट्टा, नाडी र हत्केलामा पाइन्छन्।

हाडको मैचुरेशनलाई ओसिफिकेशन भनिन्छ। बच्चाको २७० वटा हाड वयस्कमा २०६ मात्र रहने कारण यही ओसिफिकेशनले हो। हाड भाँचिन्छ नै शरीरका अन्य अङ्गमा पाइने सबै रोग अब्सेस, टिबीदेखि क्यान्सरसमेत लाग्न सक्छ। हाडको घाउलाई ओस्टियोमाइलाइटिस र क्यान्सरलाई सार्कोमा र कार्सिनोमा भनिन्छ जसको वर्णन पछि गरिनेछ। अस्तु।

## जगरनाथपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा, मधेस प्रदेश (नेपाल)

### सेवा करार पदपूर्तिसम्बन्धी सूचना

*प्रथमपटक प्रकाशित मिति : २०७९/०८/२३ गते शुक्रवार*

जगरनाथपुर गाउँपालिकाको लागि तपसिलको पदमा देहायको सङ्ख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिदसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरूसहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग सङ्ख्या |
|---|---|---|---|---|
| १. | २/२०७९/०८० | कृषि स्नातक प्राविधिक | छैटौं तहसरह | १ (एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव
- नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
- कुनै पनि कानूनले अयोग्य नभएको।

२. दरखास्त दिने स्थानः– जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, जगरनाथपुर, पर्सा।
३. दरखास्त दिने अन्तिम मितिः– २०७९/०९/०८ गते शुक्रवारसम्म।
४. आवेदनको दस्तुर :– रु १०००/– (एक हजार मात्र)।
५. राजस्व बुझाउने खाताको नाम र नंः ग.१.१ आन्तरिक राजस्व खाता जगरनाथपुर, खाता नं. 2312050004880007
६. छनोटको किसिम :– प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।
७. आवेदन साथ संलग्न कागजातहरूः–
- नागरिकता
- न्यूनतम योग्यताको लाब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
- तीन प्रति पासपोर्ट आकारको तस्वीर

५. सेवा सुविधा तथा अन्यः– स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम हुनेछ।
सम्पर्क व्यक्तिः– शत्रुधन चौरसिया ९८१९२५८३४१ (कृषि शाखा)

प्रमुख प्रशासकीय अधिकृत

# बज्जिका शिक्षालाई अगाडि बढाउन तयार –नगरप्रमुख कलवार

प्रस, गरुडा, २३ मङ्सिर/

बज्जिका भाषाको मातृभाषा शिक्षालाई सहयोग गर्न गरुडा नगरपालिका तयार रहेको नगरप्रमुख कन्थमणिप्रसाद कलवारले बताएका छन् ।



तस्वीरः प्रतीक

भाषा आयोग, गरुडा नगरपालिका तथा बज्जिका साहित्य सङ्गम, रौतहटको संयुक्त आयोजनामा बिहीवार गरुडामा भएको मातृभाषा शिक्षा बज्जिकाको अभिमुखीकरण कार्यक्रममा नगरप्रमुख कलवारले मातृभाषा बज्जिकाको लागि आफू रौतहट उद्योग वाणिज्य सङ्घको अध्यक्ष रहेको समयदेखि नै लागिपरेको र नगरप्रमुख भएपछि आफ्नो दायित्व अझ बढेको बताएका छन् ।

गरुडा नगरपालिकाले कक्षा १ र २ मा बज्जिका पाठ्यपुस्तक लागू गरिसकेको अवस्थामा थप कक्षाको पाठ्यपुस्तक तयार पार्न प्राविधिक सहयोग गर्न पनि नपा तयार रहेको नगरप्रमुख कलवारको भनाइ छ ।

गरुडा नगरपालिकाको सभाकक्षमा भएको कार्यक्रममा भाषा आयोगका सदस्य गोपालजीप्रसाद सर्राफले देशमा बोलिने मातृभाषाहरूलाई लोप हुन नदिने मुख्य संवैधानिक अभिभारा आयोगको भएसँगै मातृभाषाको पाठ्यक्रम निर्माण गरी मातृभाषा शिक्षालाई व्यवहारमा उतार्नु पनि कर्तव्य रहेको बताएका छन् । यसै क्रममा बज्जिका भाषाको पाठ्यक्रम निर्माणमा आयोगले प्राविधिक सहयोग गर्न तयार रहेको बताएका छन् ।

आयोगका सचिव जयराम अधिकारीले आयोगले मधेस प्रदेशका तीन प्रमुख भाषा बज्जिका, भोजपुरी र मैथिलीलाई प्रादेशिक सरकारी कामकाजको भाषा सिफारिश गरेको बताउँदै पालिकाहरूलाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सुझाव दिएका छन् ।

कार्यक्रममा बज्जिका भाषाका प्रशिक्षक साहित्यकार सञ्जय साह मित्र, कक्षा १ र २ को पाठ्यपुस्तक तयार गर्ने काका सामुदायिक सिकाइ केन्द्र, सर्लाहीका प्रमुख डा कमलेश्वरकुमार सिन्हा, गरुडा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबूराय यादव, नगर शिक्षा सहसंयोजक शेख चाँद अलि, रवीन्द्र मिश्र, बज्जिका साहित्य सङ्गम, रौतहटका अध्यक्ष किशुनदयाल श्रीकृष्णलगायतले कक्षा ३ को पाठ्यक्रम निर्माणको प्राविधिक पक्षबारे स्पष्ट पारेका थिए ।

कार्यक्रममा नगर शिक्षा संयोजक सुबोधकुमार चौधरी, मावि गरुडाका प्रधानाध्यापक प्रभु राउत पटेल, मावि महम्मदपुरका प्रअ रामनारायण यादव, मावि जिङ्डियाका प्रअ मौजेलाल साह, मावि श्रीपुरका प्रअ रामआधार पासवानका साथै गौर नगरपालिकाको जुद्ध माविका सहायक प्रधानाध्यापक दयानन्द ठाकुर, गढीमाई नगरपालिकाको समनपुरस्थित शङ्कर गुदर माविकी शिक्षिका रेणु गुप्तासहित विभिन्न विद्यालयमा बज्जिका अध्यापन गर्ने शिक्षक, साहित्यकार तथा भाषासेवीहरूको सहभागिता थियो ।

सर्लाही र रौतहटको मुख्य स्थानीय मातृभाषाको रूपमा रहेको बज्जिका भाषामा निर्माण भएका पाठ्यपुस्तकलाई दुवै जिल्लाका विभिन्न पालिकाले ऐच्छिक विषयको रूपमा लागू गरिसकेका छन् । यसैगरी, माथिल्लो कक्षाको लागि पनि पाठ्यपुस्तकको माग भइरहेको छ ।

# पुरुषको शव बरामद



प्रस, वीरगंज, २३ मङ्सिर/

वीरगंज महानगरपालिका–२२ जगरनाथपुरमा एकजना पुरुषको शव भेटिएको छ । करीब ४०–५० वर्षीय गाउँमा मागी हिंड्ने व्यक्तिको शव भेटिएको प्रहरीले जनाएको छ ।

# १३१ जनाद्वारा रक्तदान


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २३ मङ्सिर/

ग्लोबल बिजनेश क्लेजमा अध्ययनरत बिबिएसका विद्यार्थीहरूले चीसो बढेसँगै रगत अभावलाई परिपूर्ति गर्न रक्तदान गरेका छन् ।

शुक्रवार आयोजित रक्तदान कार्यक्रममा २० जना महिलासहित १३१ जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा सिमरन सिंह, विजया ओझैया, सुरभि वर्णवाल, गुडिया वर्णवाल, पूजा गुप्ता, अनु ठाकुर, सरिता मेहता, तेरु नेसा खातुन, आरती वर्णवाल, श्रेया सिंह, मुनि महतो, नोमी मिश्र, राखी कर्ण, निरुता मुखिया, सुनीता कुमारीलगायतले रक्तदान गरेका थिए ।

कलेजका प्रधानाध्यापक श्रीराम दासको सभापतित्वमा सम्पन्न कार्यक्रममा रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डे, ब्लड डोनर्स एशोसिएशनका सचिव अरविन्द सिंह, स्वयंसेवी राजन श्रीवास्तवलगायतको सहभागिता थियो ।

# महिलाहिंसाविरुद्ध सचेतनामूलक सडकनाटक

प्रस, वीरगंज, २३ मङ्सिर/

महिला हिंसाविरुद्ध सचेतनामूलक सडक नाटक शुक्रवार घण्टाघरमा प्रदर्शन गरिएको छ । 'सभ्य समाजको पहिचान, लैङ्गिक हिंसाविरुद्धको अभियान' नाराका साथ शुरू भएको महिला हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत १५औं दिन शुक्रवार सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय, माइती नेपाल, आफन्त नेपाल, सानो पाइला, युवालय, आसमान नेपाललगायत संस्थाको समन्वयमा वीरगंज महानगरपालिकाले कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा नगरप्रमुख राजेशमान सिंहले महिलाहरूले गलत कार्यको प्रतिकार गर्ने हिम्मत नगरेसम्म महिलामाथि हुने हिंसा कम नहुने बताए । उनले महिला हिंसाविरुद्ध कार्यक्रम गरी घर–घरसम्म जागरण फैलाउनुपर्ने बताए । महिलामाथि हुने हिंसा निर्मूल पार्न सबै एक भएर लाग्नुपर्ने उनले बताए ।

उपप्रमुख इम्तियाज आलमले छोरीलाई शिक्षित र आत्मनिर्भर बनाउन अभिभावकले जोड दिनुपर्ने बताए । प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलले हिंसामा परेका महिलाको उद्धार र सहयोगका लागि सेफ हाउस निर्माणमा महानगरले चासो देखाउनुपर्ने बताए ।

# ठुटेखोला पुल सरसफाइ गरी झन्डा फेरियो

चिरञ्जीवी सापकोटा, ठोरी, २३ मङ्सिर/

पर्यटकीय नगरी ठोरीको भाइरल उत्तरपट्टि रहेको सेतोभीरका कारण फोटो खिच्नेहरू त्यहाँ पुग्छन् । पुलमा


तस्वीरः प्रतीक

पुलमा आज सरसफाइ गरी झन्डा फेरिएको छ । ठोरी गाउँपालिका–२ का युवाहरूले ठुटेखोला पुलको सरसफाइ गरी पुरानो राष्ट्रिय झन्डा हटाउर नयाँ फेरिएको सामाजिक अभियन्ता धीरसिंह घिमिरेले बताए ।

उनले जाडो बढेपछि आन्तरिक तथा बाह्य पर्यटकहरू ठोरीमा वनभोज खान र घुम्न आउने क्रम बढेकाले पर्यटकहरूलाई आकर्षित गर्न सरसफाइ गरिएको बताए । ठोरीको भाइरल पुलको फरफराइरहेको राष्ट्रिय झन्डाले पर्यटकहरूलाई झनै आकर्षित बनाएको ठोरी गापा–२ का वडासदस्य केशरबहादुर भण्डारीले बताए ।

ठुटेखोलाको पश्चिमपट्टि गणेशमान पार्क, राईधाराले पनि पर्यटकहरूलाई आकर्षित गरेको छ भने हालै निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिले स्थापना गरेको पाटेबाघको सालिक पनि पर्यटकको आकर्षणको केन्द्रबिन्दु बनेको छ ।

ठोरीलाई आकर्षक, रमाइलो र झिलिमिली बनाउन ठोरीचोक, बजार, वनशक्ति र चौतारामा झिलिमिली बत्ती जडान गरिएको घिमिरेले बताए ।

ठोरीमा रहेका सीतागुफा, रातोमाटेडाँडा, झोलुङ्गे पुल, रानीवन, मठमन्दिर, पानीघट्टलगायतका स्थान पर्यटकीय गन्तव्य बनेका छन् । ती स्थानलाई व्यवस्थित गरे ठोरीमा पर्यटनको विकास हुने स्थानीयको भनाइ छ ।

## मधेसकी छोरी निकिता....

गइनन् । त्यसपछि स्नातक सकाएर काठमाडौंको कोलम्बिया इन्स्टिच्युटबाट प्रहरी निरीक्षक पदको तयारी गरेकी निकिता पहिलो प्रयासमैं सफल हुँदा निकै खुशी छिन् । मङ्सिर २४ गतेदेखि उनी १६ महीने तालीममा सहभागी हुनेछिन् ।

मधेसका छोरीचेलीहरूलाई राज्यका हरेक अङ्ग तथा तहतप्कामा जागीर खानको लागि समाजले प्रेरित गर्नुपर्ने उनले आग्रह गरिन् । जसरी पहाडी समुदायमा छोरीचेलीलाई स्वतन्त्र वातावरण दिइन्छ, त्यसरी नै मधेसी छोरीचेलीले नपाउने गरेको र विभिन्न रूढिवादी चिन्तन र सोचाइका कारण मधेसका छोरीचेली पछि पर्दै गएको उनले बताइन् । उनले केटीलाई विभेद नगरी केटासरह शिक्षादीक्षा, पालनपोषण, घुमफिरलगायतमा अभिभावकले ध्यान दिए घरपरिवार, समाज र देशको नाम उज्ज्वल गर्न सक्ने उनको दाबी छ ।

प्रहरी निरीक्षकमा पास हुन अन्तर्वार्तामा लाखौं घूस खुवाउनुपर्छ भन्ने प्रश्नमा उनले लोकसेवा आयोगको विश्वसनीयतामाथि कसैले शङ्का नगर्न र प्रहरी तथा अन्य परीक्षामा घूस खुवाएर पास गराइदिन्छु भन्दै कसैले बार्गेनिङ गर्न आउँछ भन्ने त्यस्ता भ्रममा नपर्न उनले आग्रह गरिन् । उनले नेपाल प्रहरीको सिद्धान्त र ऐन कानून बमोजिम आफ्नो कर्तव्य निवर्हन गर्न आफू प्रतिबद्ध रहेको बताइन् । उनले प्रहरीको धर्म अनुसार आफूले हरेक पाइलामा दायित्व पूरा गर्ने बताइन् ।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार

आउनुहोस्, हामी सबै महिलामाथि हुने हिंसाविरुद्धको अभियानमा सहभागी बनौं ।
घरघरबाट शुरू गरौं, महिला हिंसा अन्त्य गरौं ।

२०७९ मङ्सिर ९ देखि मङ्सिर २४ गतेसम्म हुने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Companies in Nepal, invites applications from qualified candidates for the following positions:-

**Production Manager: 1**
- Qualification: M. Pharm with NPC registered
- Experience: At least 4 years in Tablet, Capsule, Oral Liquid and External Preparation

**Senior OA Executive : 1**
- Qualification: M. Pharm with NPC registered
- Experience: At least 4 years in Quality Assurance Department

**Job Location :** Chhatapipra, Bara, Nepal

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** by 14th December 2022.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called for an interview.*